सातै प्रदेशबाट प्रकाशित पहिलो राष्ट्रिय दैनिक

नयाँ पत्रिका

nayapatrikadaily.com

२५ चैत २०८०, आइतबार (7 April 2024, Sunday) ■ नेपाल संवत् ११४४ ■ वर्ष १७ ■ अंक ३४९ ■ पृष्ठ ८ nayapatrikaofficial @NAYA_PATRIKA मूल्य रु. १०/-

नेपाललाई शान्ति पर्यटन केन्द्र बनाउने प्रधानमन्त्रीसहित शीर्ष नेताहरूको संकल्प



ध्यान, योग र पूर्वीय चिकित्सा पद्धतिका माध्यमबाट विश्वशान्ति एवं सहअस्तित्वको सन्देश फैलाइने

(विस्तृत पृष्ठ ३)

बाइडेन-सी टेलिफोन वार्ता र विश्व राजनीति



अग्रलेख

● पामिर गौतम

चीन र अमेरिकाजस्ता दुई ठूला देशले एक-अर्कासँग सम्बन्ध तोड्ने अथवा पछाडि फर्कने नभई स्थिर, सुदृढ र दिगो रूपमा अघि बढ्नुपर्छ

(लेख पृष्ठ ४)

स्थानीय तहको निक्षेप फिर्ता हुँदा कुन बैंकलाई कस्तो असर ?

निक्षेपबाट स्थानीय तहको ९७ अर्ब ११ करोड घटाउँदा बैंक तथा वित्तीय संस्थाहरूको कर्जा-निक्षेप अनुपात ७९.८९ बाट बढेर ८१.३० पुग्ने देखिन्छ

● **सुनील केसी,** अध्यक्ष, नेपाल बैंकर्स संघ

विकटमा शाखा खोल्ने बैंकलाई सहयोग दिने समझदारीमध्ये यो पनि एउटा थियो। शाखा चलाउनै गाह्रो हुने ठाउँ छन्। त्यस्तो ठाउँमा कारोबार गर्दाको लागत बढी हुन्छ। यसमा अर्थ मन्त्रालयले हेरिदिनुपर्ने हुन्छ।

(विस्तृ पृष्ठ ६)



इलाम २ मा प्रतिष्ठाको लडाइँ

निर्वाचन परिणामले भविष्यको रूपरेखा कोर्ने भएकाले सबै दल र पहिचानवादी सम्पूर्ण शक्ति लगाएर चुनावी मैदानमा

सबैभन्दा ठूलो चुनौती एमालेलाई नै छ



● **प्रा. कृष्ण पोखरेल,** विश्लेषक

उपनिर्वाचन विभिन्न पार्टीहरूले यसबीचमा गरेका गतिविधिको परीक्षण हो। जसलाई जिताउँछन् उसको गतिविधि स्वीकार गरेको अर्थमा लिनुपर्छ। प्रतिस्पर्धाको आधार हेर्दा एमालेको सिट भएकाले उसले कायम राख्न सक्छ कि सक्दैन भन्ने हो। नयाँ उम्मेदवार ल्याउँदा सबैभन्दा ठूलो दाउ उसकै छ, ऊ हार्नु भनेको परम्परागत आधार गुमाउनु हो। त्यसैले सबैभन्दा ठूलो चुनौती एमालेलाई नै छ। यसलाई खोस्न सक्यो भने कांग्रेसको पाखुरामा नयाँ ऊर्जाको इन्डेक्स लाग्ने हो। रास्वपाले जित्यो भने पूर्वमा उदायो भन्ने सन्देश जाने भयो, ऊर्जा पाउने भयो। मैदानमा पहिचान पक्षधर पनि छ। उनीहरूले गरेको आन्दोलन एलिटको मात्रै हो वा जनस्तरमा पनि रापताप छ भन्ने परीक्षण हुनेछ, किनकि धरानको मेयर पनि प्रचारमा लागेका छन्।

> इलाम २ मा २० र बझाङ (१) मा १२ को उम्मेदवारी, अन्तिम नामावली मंगलबार

> इलाम २ मा एक लाख १५ हजार आठ सय ८९ र बझाङ (१) मा ६१ हजार ७४८ मतदाता

इलाममा **चिरञ्जीवी घिमिरे**
काठमाडौंमा **कमलराज भट्ट**

१५ वैशाखका लागि तय इलाम २ को प्रतिनिधिसभा सदस्य उपनिर्वाचनमा २० जनाको उम्मेदवारी परेको छ। संघीय संसद्को एक निर्वाचन क्षेत्रमा हुने उपनिर्वाचन संसदीय अंकगणितका लागि धेरै अर्थपूर्ण नभए पनि राजनीतिक भविष्यको संकेत हुने भएकाले पुराना र नयाँ दलसँगै पहिचानवादीका लागि इलाम २ प्रतिष्ठाको विषय भएको छ।

४ मंसिर ०७९ को आमनिर्वाचनबाट निर्वाचित सदस्य सुवासचन्द्र नेम्वाङको २६ भदौमा हृदयाघातबाट निधन

» पृष्ठ २ मा क्रमशः

कम्युनिस्ट गढ भत्काउने प्रयासमा कांग्रेस



● **डम्बर खड्का,** कांग्रेस उम्मेदवार

विकास निर्माणका हिसाबले इलाम पछाडि परेको छ। अधिकांश ठाउँमा सडक कालोपत्रे छैन, किसानका समस्या छन्। दुग्ध किसानलाई समस्या छ। चिया उद्यमी, मजदुरका समस्या छन्। यहाँ ठूलो परियोजना ल्याउन पहल गर्न र समस्याको समाधान गर्न मेरो उम्मेदवारी हो।

हाम्रा उम्मेदवार हेभिवेट छन्

● **बद्री पाण्डे,** सहमहामन्त्री, कांग्रेस



अघिल्लो निर्वाचनमा झिनो मतान्तरले हारेका हौं। अहिले सुवास नेम्वाङ नहुँदा व्यक्तित्वको हिसाबले हाम्रो उम्मेदवार हेभिवेट छन्। सामाजिक सेवा र जिल्लाको विकासका लागि उहाँ उपयुक्त पात्र हो। उहाँसँग अनुभव र योगदान दुवै छ।

विरासत जोगाउनै पर्ने दबाबमा एमाले



● **सुहाङ नेम्वाङ,** एमाले उम्मेदवार

बुबाले कानुन बनाउने र विकासको काममा जसरी राम्रो काम गर्नुभएको छ, उहाँको पाइला-पाइला चुम्दै अभै राम्रो गर्ने प्रतिबद्धता जनाउँछु। मैदानमा उत्रिँदा विजय हासिल गर्छु भनेरै उत्रनुपर्छ। अहिलेको जुन माहोल देखिएको छ, जित्छु भन्नेमा ढुक्क छु।

हामी प्लस प्वाइन्टमै छौं

● **शिवमाया तुम्बाहाङ्फे,** नेता, एमाले



पहिला पनि कांग्रेससँगै प्रतिस्पर्धा हो। ०७९ मा कांग्रेस-माओवादी गठबन्धन भर्सेस एमाले एक्लै थियो, थोरै मतले जितेका थियौं। अहिले एक्लै छैनौं, माओवादी र विप्लव समूहको सहयोग प्लस प्वाइन्ट हो। त्यसैले हामीलाई धेरै ठूलो चुनौती छैन।

पूर्वबाट 'नयाँ सन्देश' दिने रास्वपाको योजना



● **मिलन लिम्बू,** रास्वपा उम्मेदवार

ठूला दलहरूले इलामेली जनताप्रति घात गरे। इलाम कृषिमा अत्यधिक सम्भावना बोकेको जिल्ला हो। सडक नाजुक छ, खानेपानी छैन। स्वास्थ्य, रोजगारीलगायत समस्या छन्। यी समस्या समाधान गरी जनताको जीवनस्तर उकास्न मेरो उम्मेदवारी हो।

इलाममा पनि घन्टी बज्छ

● **डिपी अर्याल,** उपाध्यक्ष, रास्वपा



इलामी जनताले विकास र खुसी नपाएको हाम्रो महसुस हो। उहाँहरूले घन्टीबाहक रास्वपा किन स्थापना भयो र यसले के गरिरहेको छ भन्ने बुझिसक्नुभएको छ। घरघरमा पुगेर पनि बुझाउँछौं, बुझाइसकेपछि इलाममा पनि घन्टी बज्छ।

पहिचानवादी एजेन्डा स्थापित गर्ने रणनीतिमा




● **डकेन्द्रसिंह लिम्बू,** स्वतन्त्र उम्मेदवार

बहुपहिचानका आधारमा प्रदेशको पुनः नामांकन गर्नुपर्छ, यो कुरा राख्न प्रतिनिधिसभामा उम्मेदवार बनेको हुँ। भ्रष्टाचार, अनियमितताविरुद्ध आवाज उठाउने एजेन्डा पनि छ। संघीयता र धर्मनिरपेक्षातामा वेलावेला प्रहार भइरहेको छ, रोक्नुपर्नेछ।

मुख्य प्रतिस्पर्धी हामी हौं

● **रकम चेम्जोङ,** नेता, जसपा



इलाममा अहिले पहिचान पक्षधरको माहोल छ। हाम्रो पार्टी जसपा र डा. बाबुराम भट्टराईको नेसपाको पनि डकेन्द्रजीलाई समर्थन छ। हर्क साङपाङलगायत स्वतन्त्रको पनि सहयोग छ। हामी मुख्य प्रतिस्पर्धी हौं, नतिजा हाम्रो पक्षमा आउने पूर्ण विश्वास छ।

■ **इलाम २ का थप उम्मेदवार :** राप्रपाका लक्ष्मी गुरुङ, एकीकृत समाजवादीका जितबहादुर राई, जनमत पार्टीका प्रेमकुमार थाम्सुहाङ, नेमकिपाका श्यामबहादुर दर्जी, राप्रपा नेपालका गणेशबहादुर चौहान, राष्ट्रिय मुक्ति आन्दोलनका जयवन्तविक्रम शाह, नेसनल रिपब्लिक नेपालका धनराज रानामगर, मंगोल नेसनल अर्गनाइजेसनका मणिबहादुर लिम्बू, नेपाली जनता दलका रेशमबहादुर सुनार पनि चुनावी मैदानमा छन्। यसैगरी अर्जुनबहादुर शाही, केशवकुमार चापागाईं, डाकप्रसाद गौतम, दीपेश बोहरा, मनोज निरौला, योगेन्द्र गुरुङ र राज बस्यालले पनि स्वतन्त्र उम्मेदवारी दिएकाका छन्।

सर्म्पकविहीन ३१० सहकारीको खोजी गर्दै मधेश सरकार

सिराहाका १२१, सप्तरीका ९४, धनुषाका ५६ र महोत्तरीका ३९ सहकारी मन्त्रालयको सम्पर्कमै छैनन्

जनकपुरधाममा **हदिश खुद्दार**

मधेश प्रदेश सरकारले लामो समयदेखि सर्म्पकविहीन तीन सय १० सहकारी संस्थाबारे खोजबिन थालेको छ। मधेश प्रदेशका भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयले गत असोजमा प्रदेश सहकारी ऐन, २०७९ र २५ फागुनमा सहकारी नियमावली, २०८० जारी भएपछि खोजबिन गर्दा तीन सय १० वटा सहकारी गायब भएको फेला परेको जनाएको छ।

सम्पर्कविहीन हुनेमा सिराहाका एक सय २१, सप्तरीका ९४, धनुषाका ५६ र महोत्तरीका ३९ सहकारी छन्। भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयले गत मंगलबार सूचना जारी गर्दै सर्म्पकविहीन सहकारीलाई ३५ दिनभित्र सम्पर्कमा आउन भनेको छ। ती सहकारी संस्था सम्पर्कमा नरहेको, विवरण नबुझाएको, कोपोमिस प्रणालीमा आबद्ध नभएको र कोपोमिसमा आबद्ध भएकाले पनि प्रतिवेदन पेस नगरेको तथा पटकपटक ताकेता गर्दा पनि सम्पर्कमा नआएको भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयका सहकारी रजिस्ट्रार राममणि अधिकारीले जानकारी दिए।



राममणि अधिकारी, रजिस्ट्रार, कृषि तथा सहकारी मन्त्रालय, मधेश

सम्पर्कमा नरहेका सहकारीलाई सम्पर्कमा आउन सूचना प्रकाशित गरिएको छ। यदि सूचना जारी गर्दा पनि सम्पर्कमा नआएमा ती सहकारीमाथि कारबाही प्रक्रिया अगाडि बढ्नेछ।

सहकारी ऐन, २०७९ र सहकारी नियमावली, २०८० लागू भएपछि मधेश सरकारलाई आठ सय २२ वटा सहकारी संस्था हस्तान्तरण गरिएको थियो। ती सहकारीले भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयअन्तर्गत रहेको सहकारी महाशाखामा आफ्ना मासिक प्रतिवेदन बुझाउनुपर्ने प्रावधान तोकिएको थियो। तर, प्रदेश सरकारले सहकारीसम्बन्धी कानुन बनाउन ढिलाइ गरेपछि त्यसको फाइदा उठाउँदै सहकारीहरू आफूखुसी सञ्चालन हुँदै आएका थिए।

प्रदेश सरकारले सहकारी ऐन र सहकारी नियमावली बनाई अनुगमन थालेपछि तीन सय १० वटा सहकारी संस्था लामो समयदेखि सर्म्पकविहीन रहेको फेला परेको रजिस्ट्रार अधिकारीले बताए। प्रदेशमा हस्तान्तरण भई आएका आठ सय २२ सहकारीमध्ये दुई सय १५ सहकारीले नियमित रूपमा मासिक प्रतिवेदन बुझाउने गरेका छन्। ५० वटा सहकारीले मात्रै नियमित रूपमा कोपोमिस प्रणालीमा नियमित विवरण बुझाउने गरेको अनुसन्धानमा भेटिएको अधिकारीले बताए। 'सम्पर्कमा नरहेका सहकारीलाई सम्पर्कमा आउन सूचना प्रकाशित गरिएको छ,' उनले भने, 'यदि सूचना जारी गर्दा पनि सम्पर्कमा नआएमा ती सहकारीमाथि कारबाही प्रक्रिया अगाडि बढ्नेछ।'

सुकुम्बासी बस्ती स्थानान्तरण गर्न नसक्दा नौबस्ता औद्योगिक क्षेत्र निर्माण अनिश्चित



नौबस्ता औद्योगिक क्षेत्रको जग्गामा रहेका स्थानीयका घर

मन्त्रिपरिषद्ले नौ वर्षअघि गाभर, नौबस्तालगायत क्षेत्रलाई समेटेर तीन सय ३८ बिघा जमिन लुम्बिनी प्रदेशस्तरीय औद्योगिक क्षेत्रका नाममा कायम गरे पनि त्यहाँ बसेका सुकुम्बासीको व्यवस्थापन गर्न नसक्दा निर्माण अन्योलमा

बाँकेमा **विश्वराज पछ्लडङ्ग्या**

सुकुम्बासी बस्ती व्यवस्थापन एवं स्थानान्तरण गर्न नसक्दा लुम्बिनी प्रदेशस्तरीय नौबस्ता औद्योगिक क्षेत्र निर्माण अनिश्चित छ। मन्त्रिपरिषद्ले ०७१ मा गाभर, नौबस्तालगायत क्षेत्रलाई समेटेर तीन सय ३८ बिघा जमिन औद्योगिक क्षेत्रका नाममा कायम गरे पनि त्यहाँ बसेका सुकुम्बासीको व्यवस्थापन नौ वर्षसम्म पनि गर्न नसक्दा निर्माण अन्योलमा परेको हो। चौर-बुट्यान क्षेत्रलाई औद्योगिक क्षेत्र घोषणा गरिएको हो।

औद्योगिक क्षेत्रका लागि तोकिएको जमिनमध्ये ५०-६० बिघा क्षेत्रमा झन्डै दुई सय परिवार बसेका छन्। ०६२ बाट सुकुम्बासी बस्दै आएकामा संख्या थपिँदै गएको छ।

औद्योगिक क्षेत्रका नाममा रहेको जमिन भूमिहीन सुकुम्बासीले छोड्न नमानेपछि भौतिक पूर्वाधारलगायत काम अगाडि बढ्न नसकेको नौबस्ता औद्योगिक क्षेत्रको समेत व्यवस्थापन गरिरहेका नेपालगन्ज औद्योगिक क्षेत्रका कार्यालय प्रमुख इन्जिनियर प्रकाश केसीले बताए। 'उहाँहरूले लालपुर्जा नदिँदासम्म औद्योगिक क्षेत्र निर्माण गर्न दिँदैनौं भन्नुभएको छ। स्थानीयले आफ्नो अडान नछाड्दासम्म प्रक्रिया

» पृष्ठ २ मा क्रमशः

बस्ती नभएको ठाउँमा पूर्वाधार बनाउन मन्त्री भण्डारीको निर्देशन

उद्योग, वाणिज्य तथा आपूर्तिमन्त्री दामोदर भण्डारीले बस्तीलाई नछोएर पूर्वाधार



निर्माणको काम अगाडि बढाउन निर्देशन दिएका छन्। सोहीअनुसार स्थानीय सरकार र स्थानीयवासीले सहमति दिएमा चालू आर्थिक वर्षको अन्त्यसम्म ठेक्का प्रक्रिया अगाडि बढाउने तयारी छ। 'बस्तीलाई नछोएर विवाद नभएको ठाउँमा मात्र काम अगाडि बढाउने कुरा छ। बस्तीलाई नछोएर काम अगाडि बढाउने बैजनाथ गाउँपालिका पनि सहमत भएको छ,' नेपालगन्ज औद्योगिक क्षेत्रका कार्यालय प्रमुख इन्जिनियर प्रकाश केसीले भने, 'विवाद नभएको ठाउँलाई समेटेर निर्माणको काम अगाडि बढाउँछौं।' नौबस्तामा औद्योगिक क्षेत्र निर्माणका लागि ६ वर्षअघि नै कार्यालय स्थापना भई कर्मचारी परिचालनसमेत भइसकेका छन्।

वीर अस्पतालको कबाडी सामान किन्न कोही आएनन्

एक वर्षमै चारपटक टेन्डर आह्वान, वार्ताद्वारा लिलाम प्रक्रिया बढाइँदै

■ **२७ वर्षदेखि थुप्रिएको सामानले वीर परिसर कुरूप**

शिवहरि घिमिरे/नयाँ पत्रिका
तस्बिर : **दिपेन्द्र ढुंगाना**

वीर अस्पतालमा थुप्रिएको कबाडी सामान लिलाम गर्न अस्पतालले पटक-पटक टेन्डर आह्वान गर्दा पनि बोलपत्रदाताले रुचि देखाएका छैनन्। अस्पताल प्रशासनले टेन्डर प्रक्रियाका लागि राखेको दररेट धेरै भएको भन्दै खरिदकर्ताले रुचि नदेखाएका हुन्। वीरले यही वर्ष मात्रै चारपटक टेन्डर आह्वान गरिसकेको छ।

अस्पताल प्रशासनका अनुसार २७ वर्षदेखि अस्पतालमा कबाडी सामान थन्किएका छन्। ती सामानले अस्पतालको स्टोर रुमअगाडिको करिब एक रोपनी क्षेत्रफल ओगटेको छ। कबाडी लिलाम गर्न अस्पताल प्रशासनले सुरुमा चार करोड दररेट कायम गरेको थियो। तर, कसैले पनि सामान खरिद गर्न रुचि नदेखाएको अस्पतालका मेडिकल स्टोर प्रमुख टीकाराम पनेरूले जानकारी दिए। 'वर्षौंदेखि अस्पतालमा थन्किएर काम नलाग्ने कबाडी सामान लिलाम गर्न खोज्दा कसैले पनि रुचि देखाएनन्,' पनेरूले भने, '०५३

» पृष्ठ २ मा क्रमशः





२७ वर्षदेखिको कबाडी सामानका कारण अस्पतालको स्टोर तथा पछाडिको प्रांगण अस्तव्यस्त र कुरूप बनेको छ। यी सामान अस्पतालमा काम लाग्ने किसिमका छैनन्। अस्पतालले पुराना मेसिन, कुर्सी, फलाम, बेड, फर्निचरलगायत सामान एकै चरणमा लिलाम गर्न खोजिरहेको छ। पहिलोपटक ११ भदौ, दोस्रोपटक ११ असोज, तेस्रोपटक २१ कात्तिक र चौथोपटक १२ मंसिरमा टेन्डर आह्वानसम्बन्धी सूचना जारी गरिएको थियो। कसैले पनि टेन्डरका लागि निवेदन नदिएपछि यी सामान कसरी व्यवस्थापन गर्ने भन्नेबारे अस्पताल प्रशासनको टाउको दुखाइ बनेको छ। अस्पतालका मेडिकल स्टोर प्रमुख टीकाराम पनेरूले अब सामान वार्ताको माध्यमबाट लिलाम गर्ने प्रक्रिया थालिएको बताए। तर, यो प्रक्रिया जोखिमपूर्ण मानिन्छ। अख्तियार दुरुपयोग अनुसन्धान आयोग तथा माथिल्लो निकायले प्रश्न गर्ने ठाउँ हुने भएकाले प्रशासन यसबारेमा अलमलमा परिरहेको उनको भनाइ छ।

NIMB
नेपाल इन्भेष्टमेण्ट मेगा बैंक लि.
NEPAL INVESTMENT MEGA BANK LTD.

इलाम २ मा...

पृष्ठ १ बाट क्रमशः

भएपछि रिक्त इलाम २ मा उपनिर्वाचन हुँदै छ। निर्वाचन परिणामले राजनीतिक दलहरूको र पहिचानवादी मुद्दाको भविष्यको रूपरेखा कोर्ने भएकाले सबै दल र पहिचानवादी सम्पूर्ण शक्ति लगाएर चुनावी मैदानमा उत्रेका छन्।

लगातार जित्दै आएको निर्वाचन क्षेत्र भएकाले एमाले यसको विरासत जोगाउने प्रयासमा छ भने कांग्रेसका लागि एमालेको विरासत तोड्ने अवसर आएको छ। गत निर्वाचनमा तीनमध्ये दुई क्षेत्र जितेको राष्ट्रिय स्वतन्त्र पार्टी इलाम २ मार्फत पूर्वी नेपालमा पनि आफ्नो संगठन विस्तारको योजनामा छ। उपेन्द्र यादव नेतृत्वको जनता समाजवादी पार्टी, डा. बाबुराम भट्टराई नेतृत्वको नेपाल समाजवादी पार्टी र धरानका मेयर हर्क साङपाङको समर्थन पाएका स्वतन्त्र उम्मेदवारमार्फत पहिचानवादी आफ्नो एजेन्डा स्थापित गर्ने रणनीतिमा देखिन्छन्।

मंसिर ०७९ को निर्वाचन परिणाम जे आए पनि यसपालिको उपनिर्वाचन आफ्नो पक्षमा आउने सबै दलको दाबी छ। एमाले उम्मेदवारलाई माओवादी र विप्लव नेतृत्वको नेकपाको समर्थन छ। अन्य दलबीच गठबन्धन भएको छैन। सत्तागठबन्धनमा रहेका दल एमाले, राष्ट्रिय स्वतन्त्र पार्टी र एकीकृत समाजवादीका भिन्दाभिन्दै उम्मेदवार छन्।

उपनिर्वाचनका लागि शनिबार मुख्य निर्वाचन अधिकृतको कार्यालयमा राजनीतिक दलबाट १२ र स्वतन्त्र आठ गरी २० जनाको मनोनयनपत्र दर्ता भएको निर्वाचन आयोगले जनाएको छ। आयोगका अनुसार यहाँ दल तथा स्वतन्त्र रूपमा महिलाको उम्मेदवारी परेन। अद्यावधिक नामावलीअनुसार इलाम २ मा एक लाख १५ हजार आठ सय ८९ मतदाता छन्। ७९ मतदानस्थल र एक सय ४९ मतदान केन्द्र तोकिएको छ।

इलाम २ मा कांग्रेसका डम्बरबहादुर खड्का पुनः उम्मेदवार बनेका छन्। ४ मंसिर ०७९ को चुनावमा खड्का एमालेका नेम्वाङसँग एक सय १४ मतले पराजित भएका थिए। अघिल्लो हारको बदला लिने खड्काको दाउ छ। कांग्रेस उम्मेदवार डम्बरबहादुर खड्काले आफू नागरिकका हरेक समस्या समाधानमा लागिपरेको उम्मेदवार रहेकाले मत पाउनेमा ढुक्क रहेको बताए।

यसपटक एमालेबाट सुवासका छोरा सुहाङ उम्मेदवार बनेका छन्। बुबाले तीन दशक धानेको संसदीय राजनीतिको विरासतलाई निरन्तरता दिनुपर्ने चुनौतीमाझ उनी मैदानमा छन्। उनलाई माओवादी र विप्लवको नेकपाले समर्थन गरेको छ। एमालेबाट उम्मेदवारी दर्ता गरेका सुहाङले पार्टीले तयार गरेको घोषणापत्रसँगै शिक्षा, स्वास्थ्य, कृषि र पर्यटन आफ्नो एजेन्डा रहेको बताए।

नयाँ दल राष्ट्रिय स्वतन्त्र पार्टीले मिलनकुमार योङ्याङ लिम्बूलाई उम्मेदवार बनाएको छ। पत्रकारिता क्षेत्रबाट

दुवै ठाउँमा हाम्रो उम्मेदवारी फिर्ता हुन्न

● **राजेन्द्र पाण्डे,** उपाध्यक्ष, एकीकृत समाजवादी



गठबन्धनको सल्लाहले बनेको उम्मेदवार होइन। एमालेले आफ्नो ढंगले उठायो, हामी पनि आफ्नै ढंगले गयौं। एमालेले उठायो, त्यसकारण हामीले छोड्नुपर्छ, एमालेको उम्मेदवारलाई भोट दिनुपर्छ भन्ने छैन। हामी इलाम र बझाङमा छोड्दैनौं, उम्मेदवारी फिर्ता हुँदैन। प्रतिस्पर्धा गर्छौं।

स्वतन्त्र उम्मेदवारी घोषणा गर्दै रास्वपा प्रवेश गरेका लिम्बू विकासको एजेन्डा बोकेर मैदानमा छन्। गत वर्ष १० वैशाखमा सम्पन्न उपनिर्वाचनमा रास्वपाले हासिल गरेको सफलतालाई निरन्तरता दिनुपर्ने चुनौती लिम्बूसामु छ।

यसअलावा राप्रपाका लक्ष्मी गुरुङ, एकीकृत समाजवादीका जितबहादुर राई, जनमत पार्टीका प्रेमकुमार थाम्सुहाङ, नेमकिपाका श्यामबहादुर दर्जी, राप्रपा नेपालका गणेशबहादुर चौहान, राष्ट्रिय मुक्ति आन्दोलनका जयवन्तविक्रम शाह, नेसनल रिपब्लिक नेपालका धनराज रानामगर, मंगोल नेसनल अर्गनाइजेसनका मणिबहादुर लिम्बू, नेपाली जनता दलका रेशमबहादुर सुनार पनि चुनावी मैदानमा छन्।

यसैगरी, स्वतन्त्र रूपमा डकेन्द्रसिंह लिम्बू उम्मेदवार बनेका छन्। उनलाई पहिचानवादी शक्तिले समर्थन गरेका छन्। स्वतन्त्र उम्मेदवार डकेन्द्रले पहिचानको आन्दोलनको पृष्ठभूमिबाट उम्मेदवार बन्न पुगेको बताए।

अर्जुनबहादुर शाही, केशवकुमार चापागाईं, डाकप्रसाद गौतम, दीपेश बोहरा, मनोज निरौला, योगेन्द्र गुरुङ र राज बस्यालले पनि स्वतन्त्र उम्मेदवारी दिएको इलामका जिल्ला निर्वाचन अधिकारी देवीचरण फुँयाललले जानकारी दिए।

उनका अनुसार उम्मेदवारी दिनेमा नौजना युवा रहेका छन्। उनीहरू ४० वर्षमुनिका छन्। यस्तै, इलामबाहेकको जिल्लाका आठजनाले इलाम २ को उपनिर्वाचनका लागि उम्मेदवारी दिएका हुन्। इलाम २ मा हुने निर्वाचन नजिकिएसँगै उम्मेदवारहरू मनोनयनअघि नै गाउँ-गाउँमा गएर भोट माग्न पनि थालिसकेका छन्। विश्लेषकहरू इलाम २ मा मुख्यतः कांग्रेस, एमाले र रास्वपाबीच त्रिपक्षीय प्रतिस्पर्धा हुने ठान्छन्। यसबाहेक पहिचान पक्षधरले नतिजा प्रभावित पार्न सक्ने उनीहरूको आकलन छ। यहाँ कांग्रेस र एमालेले एक-अर्कालाई प्रतिस्पर्धी ठानेका छन् भने रास्वपाले एमालेलाई आफ्नो प्रतिस्पर्धी ठानेको छ।

बझाङमा १२ को उम्मेदवारी

बझाङ प्रदेश सभा (१) बाट प्रदेश सभा सदस्यका लागि दलबाट १२ जनाको उम्मेदवारी परेको छ। यहाँबाट निर्वाचित पृथ्वीबहादुर सिंहको दुर्घटनामा परेर निधन भएपछि रिक्त पदका लागि एक महिला र ११ पुरुषको उम्मेदवारी परेको आयोगले जनाएको छ।

कांग्रेसका अभिषेकबहादुर सिंह, एमालेका दमनबहादुर भण्डारी, माओवादीका जनकबहादुर बुढा, राप्रपाका किशोरकुमार खड्का, एकीकृत समाजवादीका दिलबहादुर सिंह, जसपाका रामबहादुर जाग्री, जनमतका सुशीलादेवी विष्टले मनोनयन दर्ता गराएका छन्। कांग्रेसले स्वर्गीय सिंहका छोरा अभिषेकलाई उम्मेदवार बनाएको हो। यसैगरी नेमकिपाका खगेन्द्रबहादुर शाही, नेपाली जनता दलका अशोक सुनार, नेसनल रिपब्लिक नेपालका कमल घर्तीमगर, राष्ट्रिय मातृभूमि पार्टीका गजेन्द्रबहादुर थापा र संघीय लोकतान्त्रिक राष्ट्रिय मञ्चका दीपकबहादुर खड्काले उम्मेदवारी दिएका छन्। यहाँ रास्वपाले उम्मेदवारी दिएन।

बझाङ प्रदेश सभा (१) मा कांग्रेसका पृथ्वीबहादुर सिंह ४ मंसिरको निर्वाचनबाट १७ हजार एक सय १२ मतसहित निर्वाचित भएका थिए। एमालेका अफिलाल ओखेडाले १३ हजार तीन सय ३६, राप्रपा नेपालका कर्णबहादुर खड्काले चार सय २६, राप्रपाका हरिलाल भट्टराईले चार सय चार मत प्राप्त गरेका थिए। उपनिर्वाचनका लागि अद्यावधिक मतदाता नामावलीअनुसार बझाङ प्रदेश (१) मा ६१ हजार सात सय ४८ मतदाता छन्। मतदानका लागि आयोगले ७४ मतदान स्थल र ९३ मतदान केन्द्र तोकेको छ।

सुकुम्बासी...

पृष्ठ १ बाट क्रमशः

अगाडि बढाउन मिल्दैन,' उनले भने। पहिलेदेखि बसोवास गर्दै आएका नागरिकको व्यवस्थापन गर्न ढिलाइ भएको छ। त्यही भएर औद्योगिक क्षेत्र निर्माण कार्य अगाडि बढ्न सकेको छैन।'

यहाँ पक्की घरसमेत निर्माण गरी बस्ती बसेको छ। जमिन पाउनका लागि वर्षौंदेखि संघर्ष गर्दै आएका यहाँका नागरिक आफूले भोगचलन गर्दै आएको जमिन कुनै हालतमा औद्योगिक क्षेत्रलाई नदिने अडानमा छन्। औद्योगिक क्षेत्र निर्माणका लागि तीन सय ३८ बिघामा डिपिआर र वातावरणीय प्रभाव मूल्यांकनसमेत भइसकेको छ। डिपिआर भएको ठाउँमा नागरिकको घर परेकाले औद्योगिक क्षेत्रभित्र संरचना निर्माणको काममा ढिलाइ भएको केसीले बताए।

०६२ देखि बसोवास गरेकालाई उठाएर बेघरबार बनाउन खोजे त्यसको परिणाम नराम्रो हुने स्थानीयले चेतावनीसमेत दिएका छन्। 'वर्षौंदेखि जोतभोग गर्दै आएको जमिन खोसेर औद्योगिक क्षेत्र बनाए हामीमाथि ठूलो अन्याय हुनेछ। यस्तो गरे राज्यले हामीमाथि अपराध गरेको मानिनेछ,' स्थानीय नवीनप्रसाद उपाध्यायले भने, 'जमिन खोस्न खोजियो भने जस्तो कदम पनि उठाउन तयार छौं। बलिदान दिन पनि पछि पर्दैनौं।'

०६२ देखि ०७० सम्म सशस्त्र प्रहरी बलसँग संघर्ष गरेको स्थानीय मानबहादुर बस्नेतले जिकिर गरे। अहिले औद्योगिक क्षेत्र निर्माण गर्न लागिएको ठाउँमा सशस्त्र प्रहरी बलले २२ बिघा जमिन ओगटेको छ। त्यहाँ सशस्त्र प्रहरी बलको तालिम केन्द्र रहेको छ। 'पहिले सशस्त्र प्रहरीसँग पौठेजोरी खेल्यौं। अहिले औद्योगिक क्षेत्रसँग लडाइँ लडिरहेका छौं,' उनले भने, 'जमिनका लागि एकमुठी सास रहुन्जेल संघर्ष गरिरहनेछौं।'

सुकुम्बासी किसानले कति जमिन चर्चेका छन् भन्ने अझै यकिन भइनसकेको कार्यालय प्रमुख इन्जिनियर केसीले बताए। 'कति जमिन स्थानीयले चर्चेका छन् भन्ने यकिन छैन, तर करिब ५०-६० बिघा भएको अनुमान छ,' उनले भने।

नौबस्ता औद्योगिक क्षेत्र नेपालगन्ज औद्योगिक क्षेत्रभन्दा १९ गुणा ठूलो क्षेत्रफलमा छ। यो औद्योगिक क्षेत्रमा चाउचाउ, दुग्ध पदार्थ, चिसो पेय पदार्थ, जडीबुटीजन्य, खाद्यान्न, फर्निचरलगायत उद्योग सञ्चालन गर्ने सरकारी योजना छ। त्यस्तै, प्लास्टिकजन्य, पाइपजन्य, पानी, नुडल्स, डेरी, बेबी फुड, हर्बल, टेक्सटायल, मेटल, सुगर मिल, राइस एन्ड आयल, साबुनलगायत उत्पादनमूलक उद्योग सञ्चालन गर्ने तयारी छ।

औद्योगिक क्षेत्रको डिपिआर निर्माणमा एक उद्योगका लागि नौदेखि ३० रोपनीसम्म क्षेत्रफल छुट्याइएको छ। परियोजनाले अहिले औद्योगिक क्षेत्रपरिसरमा ८० प्रतिशत तारबार गरेको छ। औद्योगिक क्षेत्रमा १२२ जना उद्योगीले उद्योग सञ्चालनका लागि पूर्वआशयपत्र दर्ता गरेका छन्। नौबस्तामा ३३८ बिघा क्षेत्रफलमा झन्डै दुई सयहाराहारीमा उद्योग स्थापना हुन सक्ने प्रमुख केसीले बताए। औद्योगिक क्षेत्रभित्र स्थापना हुने उद्योगलाई आवश्यक सबै सुविधा उपलब्ध गराउने डिपिआरमा उल्लेख छ। उक्त क्षेत्रमा सडक, विद्युत, पानी, औद्योगिक, आवास, प्रशासन, प्रहरी, विद्यालय, बैंक, एटिएम सेवा, भन्सार, इन्धन पम्प, दूषित पानी प्रशोधन प्लान्ट, हेभी ट्रक पार्किङ, ग्रिन पार्कलगायतका पूर्वाधार तयार गरिने भएको छ।

वीर...

पृष्ठ १ बाट क्रमशः

देखिका थोत्रा बेड, बिग्रिएका उपकरण, फर्निचरलगायत सामग्रीको मूल्यांकन गरी लिलाम प्रक्रिया अघि बढाएका थियौं।' उनका अनुसार अस्पतालका सबै कबाडी सामानको दररेट सुरुमा चार करोड तीन लाखहाराहारी तोकिएको थियो। तर, तीनवटा सूचनामा टेन्डरका लागि कोही नआएपछि चौथोपटकको सूचनामा दररेट घटाएर साढे दुई करोड कायम गरिएको हो। तैपनि सामान खरिद गर्न टेन्डर नै परेन।

पहिलोपटक ११ भदौ, दोस्रोपटक ११ असोज, तेस्रोपटक २१ कात्तिक र चौथोपटक १२ मंसिरमा टेन्डर आह्वानसम्बन्धी सूचना जारी गरिएको थियो। कसैले पनि टेन्डरका लागि निवेदन नदिएपछि यी सामान कसरी व्यवस्थापन गर्ने भन्नेबारे अस्पताल प्रशासनको टाउको दुखाइ बनेको छ। अस्पतालका मेडिकल स्टोर प्रमुख पनेरूले अब सामान वार्ताको माध्यमबाट लिलाम गर्ने प्रक्रिया थालिएको बताए। तर, यो प्रक्रिया जोखिमपूर्ण मानिन्छ। अख्तियार दुरुपयोग अनुसन्धान आयोग तथा माथिल्लो निकायले प्रश्न गर्ने ठाउँ हुने भएकाले प्रशासन यसबारेमा अलमलमा परिरहेको उनको भनाइ छ।

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ मा लिलामीसम्बन्धी व्यवस्था गरिएको छ। नियमावलीको बुँदा नम्बर १०६ अनुसार टेन्डर प्रक्रियाबाट सामान बिक्री हुन नसके कार्यालय प्रमुखले कोष तथा लेखानियन्त्रकको कार्यालयको प्रतिनिधि र जिल्ला प्रशासन कार्यालयको अधिकृत प्रतिनिधिको रोहवरमा वार्ताद्वारा लिलाम कबोल रकम कायम गरी सोझै बिक्री गर्न सक्छ। यही प्रक्रियाअनुसार अस्पताल प्रशासनले वार्ताबाट सामान लिलाम गर्ने प्रक्रिया अघि बढाएको हो।

२७ वर्षदेखिको कबाडी सामानका कारण अस्पतालको स्टोर तथा पछाडिको प्रांगण अस्तव्यस्त र कुरूपबनेको छ। यी सामान अस्पतालमा काम लाग्ने किसिमका छैनन्। अस्पतालले पुराना मेसिन, कुर्सी, फलाम, बेड, फर्निचरलगायत सामान एकै चरणमा लिलाम गर्न खोजिरहेको छ।

लिलाम गर्नुपर्ने अन्य सामानभन्दा अस्पतालका सामानको दररेट तथा लिलाम प्रक्रिया फरक हुनुपर्ने हो। तर, सरकारले एउटै नियमावलीमा सबैखाले कबाडी वस्तुलाई राखेको छ। अस्पतालका सामानको लिलामबारे छुट्टै नियम भएको भए लिलाम प्रक्रियामा सहज हुने पनेरूको ठम्याइ छ। 'अस्पतालका कबाडी सामान अन्य सामानभन्दा महँगो मूल्यमा लिलाम प्रक्रियामा जानुपर्ने हो, तर कानुनले एउटै बनाइदिएको छ,' उनले भने, 'त्यसकारण अस्पतालका सामान तथा उपकरण लिलाम गर्नलाई फरक कानुन चाहिन्छ।'

Gandaki Provincial Government
Ministry of Industry, Tourism, Forest And Environment

Division Forest Office, Kaski
Pokhara, Nepal

Invitation for Electronic Bids

IFB No:DFO/G/NCB-01/2080/081

Date of publication: 7 April, 2024(2080 Chaitra 25)

1. Provincial Government has allocated the fund and intends to apply part of the funds to cover eligible payments under the Contract Construction of Infastruction At Pachbhaiya Wildlife Rescue Center. Bidding is open to all eligible Bidders from all countries.
2. The Ministry of Indrusty, Tourism, Forest And Environment, Division Forest Office, Kaski invites electronic bids from eligible bidders for the Construction of Infrastructure At Pachbhaiya Wildlife Rescue Center under National competitive bidding procedures specified as Public Procurement Act and Regulations.
   The bidder may submit the bid for single package as mentioned below and offer discounts/ cross discounts. Evaluation will be done by package basis, with contracts awarded based on the award combination that is of least cost to the Purchaser.

IFB No	Item Name	Estimated Cost Without VAT	Cost of Bidding Document NPR.	Bid Security in NPR	Bid Security Validity
IFB No: DFO/G/NCB-01/2080/081	Procurement Of Construction of Infastructure At Pachbhaiya Wildlife Rescue Center	4094682.52	3000.00	120000.00	9th August 2024

3. Interested Eligible Bidders may obtain further information and inspect the bidding documents at the office of the Division Forest Office, Kaski Pokhara, Phone No: 061-570171 on GOV office time and www.bolpatra.gov.np/egp.
4. Bidder must purchase their bid 7th April-6th May electronically from PPMO's e-GP II system www.bolpatra.gov.np/egp. Bidders should deposit the amount as mentioned on above table as cost of bidding document in the following Rajaswa (revenue) account as specified below.
   Name of the Bank : Rastriya Banijya Bank, Prithivi Chowk Pokhara .
   Name of the Office : Division Forest Office Kaski, Pokhara .
   Office Code No. : 3070239044
   Revenue Account No. : 1000100200010000
   Revenue Head No. : 14229
   Deposit Account No. : 3020100202030000
5. Electronic bids must be submitted to the Division Forest Office Kaski, Pokhara through PPMO's e-GP II system www.bolpatra.gov.np/egp on or before 12:00 hour (local time) 7th May 2024 (2081 Baisakh 25).
6. Bids shall be opened in the presence of Bidders' representatives who choose to attend at 13:00 hour 7th May 2024 (2081 Baisakh 25). at the office of Division Forest Office Kaski, Pokhara. Bids must be valid for a period of 90 days counting from the day of bid opening. All bids must be accompanied by bid security not less than above mentioned table's amount, which shall be valid for 120 days beyond the bid validity period.
7. Pre-bid meeting will be arranged at 28th April, 2024 (2081 Baisakh 16) on 11:00 am at Division Forest Office Kaski, Pokhara. Interested bidders are requested to attend on the meeting.
8. If the last date of purchasing, submission and opening falls on a government holiday then the next working day shall be considered the last day. In such a case the bid validity and bid security validity shall be recognized with effect from the original bid submission deadline.

Komal Raj Kafle
Divisional Forest Officer

Sunapati Rural Municipality
Office of the Municipal Executive
Hiledevi, Ramechhap

Invitation for Bids

Invitation for bids for: **SUN/G/NCB/03//2080/81**
Contract Identification No: **SUN/G/NCB/03/2080/81**
First Date of publication: 07/04/2024 (2080/12/25) Sunday

1. Sunapati Rural Municipality invites sealed bids or electronic bids from Nepalese eligible bidders for the procurement of ***Kamakhola Chaurikhola Samudayik Khanepani Yojana*** under National Competitive Bidding procedures. The estimated amount for the works is Rs. 82,69,765.26/- (in words Eighty Two lakhs Sixty Nine Thousand Seven Hundred and sixty five Rupees and Twenty Six Paisa only) inclusive of VAT.
2. Eligible Bidders may obtain further information and inspect the Bidding Documents at the office of ***Sunapati Rural Municipality, Hiledevi Ramechhap, Ito.sunapatimun@gmail.com*** or may visit PPMO website www.bolpatra.gov.np/egp.
3. Bidder who chooses to submit their bid electronically may download the bidding documents for e-submission from PPMO's Web Site www.bolpatra.gov.np./egp,. Bidders, submitting their bid electronically, should deposit the cost(as specified above) of bidding document in the Project's Rajaswa (revenue) account as specified below and the scanned copy (pdf format) of the Bank deposit voucher shall be uploaded by the bidder at the time of electronic submission of the bids. Information to deposit the cost of bidding document in Bank:
   Name of the Bank: Citizens Bank International Limited Sunapati Branch
   Name of Office: Sunapati Rural Municipality, Hiledevi-03, Ramechhap
   Office Account no.: 0700100000002202 (Sunapati Gaupalika Antarik Rajashwa Khata)
   Rajaswa (revenue) Shirshak no: 31151
4. Pre-bid meeting shall be held at ***13/01/2081*** at ***13:00 pm Thursday.***
5. Electronic bids must be submitted to the office ***Sunapati Rural Municipality, Hiledevi Ramechhap*** through PPMO website www.bolpatra.gov.np/egp on or before ***26/01/2081 12:00pm Wednesday***. Bids received after this deadline will be rejected.
6. The bids will be opened in the presence of Bidders' representatives who choose to attend at ***26/01/2081 13:00pm Wednesday*** at the office of Sunapati Rural Municipality, Hildevi, Rampechhap. Bids must be valid for a period of ***90 days*** after bid opening and must be accompanied by a bid security or scanned copy of the bid security in .pdf format in case of e-bid, amounting to a minimum of 2,00,000 /- (Rs. Two Lakhs Only), which shall be valid for 30 days beyond the validity period of the bid (i.e. 2081/05/26 Wednesday)
7. If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid and bid security shall remain the same as specified for the original last date of bid submission.

Chief Administrative Officer

सडक डिभिजन ललितपुर
बोलपत्र आह्वानको सूचना

प्रकाशन मिति : २०८०/१२/२५

यस डिभिजनबाट निर्माण कार्य खरिद गर्नका लागि IFB No.08-RDLTP/080/81 तथा ठेक्का नं RDLTP/33731011-3/080/81-33(Re) को बोलपत्र आह्वानको सूचना सार्वजनिक खरिद अनुगमन कार्यालय (PPMO) को Website bolpatra.gov.np/egp मा प्रकाशित गरिएकोले उक्त वेभसाइट हेर्नुहुन सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशन गरिएको छ।

डिभिजन प्रमुख

कुमारी बैंक लिमिटेड शाखा कार्यालय खजुरा, बाँकेको धितोमा रहेको सम्पत्ति लिलाम बिक्रीको लागि १५ दिने गोप्य शिलबन्दी बोलपत्र आह्वानको सूचना

(प्रकाशित मिति २०८०/१२/२५ गते नयाँ पत्रिका दैनिक)

यस कुमारी बैंक लिमिटेड शाखा कार्यालय खजुरा, बाँकेबाट तपसिलमा उल्लेखित ऋणीले प्राप्त गरेको ऋणकर्जाको बैंकलाई समय समयमा तिर्नु बुझाउनु पर्ने साँवा, ब्याज, पेनाल ब्याज आदि चुक्ता भुक्तान गर्न पटक पटक लिखित एवं मौखिक रुपमा सूचना गरी तरताकेता गर्दा समेत नतिरी नबुझाई बैंकसंग भएको ऋणकर्जा सम्बन्धी शर्तबन्देजहरु उल्लंघन गरेको हुनाले निज ऋणीलाई सम्पूर्ण कर्जा, सो कर्जाको ब्याज, पेनाल ब्याज तथा अन्य दै दस्तुरहरु तिर्न बुझाउनको लागि ३५ दिने सार्वजनिक सूचना प्रकाशित गर्दा समेत निज ऋणीले प्राप्त ऋणकर्जाको बैंकलाई तिर्न बुझाउनु पर्ने ऋणकर्जाको साँवा, ब्याज, पेनाल ब्याज आदि चुक्ता भुक्तान नगरेकाले बैंकलाई कर्जाको सुरक्षण बापत धितोबन्धक लेखिदिएको तपसिलमा उल्लेखित सम्पत्ति तथा सोको लिगलगापातहरु समेत जहां जे जस्तो अवस्था र परिमाणमा छ, सोही अवस्था र परिमाणमा बिक्री गर्न यो १५ दिने लिलाम सूचना प्रकाशित गरिएको छ। यो सूचना प्रकाशित भएको **मितिले १६ औं दिन अर्थात मिति २०८१ वैशाख १० गते सोमबार**का दिन शाखा कार्यालय खजुरा, बाँकेमा गोप्य शिलबन्दी बोलपत्रद्वारा लिलाम बिक्री गरी बैंकको लेना रकम असुल उपर गरिने भएको हुँदा सर्वसाधारणको जानकारीको लागि यो गोप्य शिलबन्दी बोलपत्र आव्हानको सूचना प्रकाशित गरिएको छ। धितोमा रहेको अचल सम्पत्तिहरु सकार गरी लिन ईच्छुक महानुभावहरुले देहायका शर्तबन्देजहरुको अधिनमा रहि गोप्य शिलबन्दी बोलपत्र दिन सक्नुहुनेछ।

तपसिल

ऋणीको विवरण	लिलाम हुने सम्पत्तिको विवरण
गणेश बहादुर वस्नेत ना.प्र.नं.- ६५१०११/५५१, जारी मिति - २०६६/०५/१२,, जि.प्र.का. बर्दिया बाबु - सेर बहादुर बस्नेत बाजे - ईन्द्र लाल बस्नेत स्थायी ठेगाना- बर्दिया जिल्ला, बढैयाताल गा.पा., वडा नं. ०२, (साविक जमुनी गा.वि.स., वडा नं. ०१) हालको ठेगाना-ऐ.ऐ	१. **शसी बस्नेत**को नाममा मालपोत कार्यालय गुलरीया, बर्दियामा दर्ता कायम रहेको बर्दिया जिल्ला जमुनी गा.वि.स. वडा नं १ स्थित क्ित्ता नं. ८२८ को क्षे त्रफल ३४९८.०० (व.मी) को जग्गा तथा सोको सम्पूर्ण लिगलगापातहरु समेत।

लिलाम हुने सम्पत्तिको विवरण

१. **गंगा पुन**
ना.प्र.नं.- ५५३०२६/२०८
जारी मिति - २०६३/१०/०८, जि.प्र.का. सल्यान
बाबु - मोहनलाल पुन
बाजे - महिमल पुन
स्थायी ठेगाना- सल्यान जिल्ला, धनवाङ गा.वि.स. वडा नं. ०७
हालको ठेगाना- बर्दिया जिल्ला, बढैयाताल गा.पा., वडा नं. ०२

शर्तबन्देजहरु:

१. शिलबन्दी बोलपत्र यो सूचना प्रकाशित भएको **मितिले १५ दिन अर्थात २०८१ वैशाख ०९ गते** भित्र बैंकको शाखा कार्यालय खजुरा, बाँकेमा कार्यालय समय भित्र प्राप्त भई सक्नु पर्नेछ।
२. बोलपत्र फारम कुमारी बैंक लिमिटेडको शाखा कार्यालय खजुरा, बाँकेबाट रु. ५००/- तिरी प्राप्त गर्न सकिनेछ। उक्त बोलपत्रमा बोलपत्रवालाको हस्ताक्षर सहित शिलबन्दी गरी बाहिर (घर/जग्गाको बोलपत्र) समेत प्रस्ट रुपमा लेखिएको हुनुपर्नेछ।
३. बोलपत्रमा आफुले लिन चाहेको धितोमा रहेको सम्पत्ति, के कति रकममा सकार गरी लिन चाहेको हो, स्पष्ट गरी अंक तथा अक्षरमा लेखिएको हुनुपर्नेछ र आफुले कबोल गरेको रकमको १० (दश) प्रतिशतको दरले हुने धरौटी बापत रकम कुमारी बैंक लि.मा जम्मा गरेको भौचर, कुमारी बैंक लि. को नाममा गुड फर पेमेन्ट (Good For Payment) चेक बनाई बोलपत्रको साथमा संलग्न गरेको हुनुपर्नेछ, सो बाहेक अन्य कुनै किसिमका धरौटी स्वीकार गरिने छैन र त्यस्तो धरौटी रकममा कुनै ब्याज दिईने छैन।
४. यो सूचना प्रकाशित भएको **मितिले १६ (सोह्रौं) दिन अर्थात २०८१ वैशाख १० गते ३:०० बजे** देखि बोलपत्रदाता वा निजको प्रतिनिधिहरुको रोहवरमा बैंकको शाखा कार्यालय खजुरा, बाँकेमा बोलपत्र खोलिनेछ। बोलपत्रदाता वा निजको प्रतिनिधिको अनुपस्थितीले मात्र बोलपत्र खोल्न बाधा पुग्ने छैन।
५. बोलपत्र बुझाउने अन्तिम मितिमा बैंक बिदा परेमा सोको लगत्तै पछि बैंक खुलेको दिन बोलपत्र बुझाउन सकिनेछ। बोलपत्र खोलिने दिन बिदा परेमा समेत बिदाको लगत्तै पछि बैंक खुलेको दिन बोलपत्र खोलिनेछ।
६. म्याद नाघी वा रीत नपुगी आएको तथा शर्त राखी दिएको बोलपत्र उपर कुनै कारवाही गरिने छैन।
७. बोलपत्र स्वीकृत भएमा सम्बन्धित बोलपत्रदाताले सोको सूचना पाएको मितिले १५ (पन्ध्र) दिन भित्र बोल कबोल गरेको धरौटी बाहेकको बाँकी रकम बैंकमा जम्मा गर्नुपर्नेछ। अन्यथा धरौटी बापत जम्मा भएको रकम जफत हुनेछ।
८. लिलाम गरिएको सम्पत्ति दाखेल खारेज गर्दा सम्बन्धित अड्डामा लाग्ने दे दस्तुर लिलाम सकार गरी लिनेले नै व्यहोर्नु पर्नेछ।
९. लिलाम हुने सम्पत्ति सम्बन्धी अन्य थप जानकारी आवश्यक भएमा कार्यालय समय भित्र बैंकको शाखा कार्यालय खजुरा, बाँकेमा सम्पर्क राखी प्राप्त गर्न सकिनेछ।
१०. धितो सम्पत्ति लिलाम बिक्री गर्दा कसैले नसकारेमा वा लिलाममा कसैले भाग नलिएमा समेत बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन तथा प्रचलित कानुन बमोजिम बैंकले उक्त सम्पत्तिको स्वामित्व आफुमा सकार गरी लिन सक्नेछ।
११. गोप्य शिलबन्दी बोलपत्र प्राप्त भएको वा नभएको कारणले बैंक आफैले सकार गर्न कुनै बाधा पर्ने छैन।
१२. प्राप्त भएको गोप्य शिलबन्दी बोलपत्र अन्तर्गत सबै भन्दा बढि अंक बोल्नेलाई समेत बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार बैंकमै सुरक्षित राखिएको छ।
१३. धितोबन्धक लेखिदिएको उक्त सम्पत्ति लिलाम बिक्री गर्दा वा बैंक आफैले सकार गर्दाको अवस्थामा समेत बैंकको सम्पूर्ण लेना असुल उपर नभएमा प्रचलित ऐन कानुन बमोजिम असुल उपर गरिनेछ।

बोलपत्र खोलिने मिति २०८१ वैशाख १० गते सोमबार अपरान्ह ३:०० बजे

कुमारी बैंक लिमिटेड
KUMARI BANK LIMITED
सबैका लागि, सबैंका लागि

शाखा कार्यालय खजुरा, बाँके फोन नं. ०८१-५६०४५६/४५७

नेपाललाई शान्ति पर्यटन केन्द्र बनाउने प्रधानमन्त्रीसहित शीर्ष नेताहरूको संकल्प

ध्यान, योग र पूर्वीय चिकित्सा पद्धतिका माध्यमबाट विश्वशान्ति एवं सहअस्तित्वको सन्देश फैलाइने



लुम्बिनीमा विराट चक्रविज्ञान एवं लुम्बिनी आध्यात्मिक जागरण अभियानमा प्रधानमन्त्री प्रचण्डलगायत नेता।

प्रधानमन्त्री प्रचण्डले भने-

'राष्ट्रप्रेम र राज्यप्रति युवापुस्तामा देखिएको अविश्वास, उग्र निराशा तथा नकारात्मकताजस्ता समस्यालाई वेलैमा सुधार गर्दै नेपालमै केही गर्न सकिन्छ र गर्नुपर्छ भन्ने भाव जगाउनु छ। गर्न खोजे नेपालमा सम्भव छ भन्ने आशा र विश्वास जगाएर एक सय वर्षमा एकपटक प्राप्त हुने युवा जनशक्ति बाहुल्यको लाभ नेपालको विकासमा लगाउनु छ, यसका लागि नवीन र सकारात्मकता सोच ल्याउन अपरिहार्य भइसकेको छ।

भैरहवामा **दिपेश पछाई**

राजनीतिक दलका शीर्ष नेताहरूले नेपाललाई शान्ति पर्यटन केन्द्र बनाउने संकल्प गरेका छन्। लुम्बिनीमा एक साता चलेको विराट चक्रविज्ञान एवं लुम्बिनी आध्यात्मिक जागरण अभियानमा उनीहरूले ध्यान, योग र पूर्वीय चिकित्सा पद्धतिका माध्यमबाट नेपाललाई शान्ति पर्यटन केन्द्रका रूपमा विकास गर्ने संकल्प लिएका हुन्।

जीवन विज्ञान प्रतिष्ठानका अध्यक्ष देवी शर्माले प्रस्ताव गरेको पाँचबुँदे संकल्पमा प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्ड, पूर्वप्रधानमन्त्री माधवकुमार नेपाल, उपप्रधानमन्त्री तथा परराष्ट्रमन्त्री नारायणकाजी श्रेष्ठ, एमाले महासचिव शंकर पोखरेल, लुम्बिनी प्रदेशका प्रमुख अमिक शेरचन, मुख्यमन्त्री जोखबहादुर महरा, गण्डकीका मुख्यमन्त्री सुरेन्द्र पाण्डे, राप्रपा अध्यक्ष राजेन्द्र लिङ्देन, संघीय सांसद बासुदेव घिमिरे, योग गुरु एलपी भानु शर्मासहितले हस्ताक्षर गरेका छन्।

संकल्पमा नेपाल योगभूमि, ज्ञानभूमि, बुद्धभूमि तपोभूमि रहेकाले यहाँ मैत्रीभाव समानता र शान्तिको प्रवर्द्धन गरी नागरिकको शान्ति र समृद्धिको आकांक्षा पूरा गर्न जीवनको मूल विज्ञानमा आधारित ध्यान विधिको प्रयोगबाट मानिसको क्षमतालाई प्रकट एवं परिचालन गर्ने सबै जात, धर्म लिंग र सम्प्रदायको धेराभन्दा माथि उठेको राष्ट्रका रूपमा रूपान्तरित गर्ने उल्लेख छ। नयाँ वर्ष ०८१ सँगै पूर्वीय संस्कृतिको प्रयोग तथा संवर्द्धनका लागि शिक्षा, स्वास्थ्य, कृषि, अर्थ, वाणिज्य, सुरक्षा, सार्वजनिक प्रशासन र परराष्ट्र विषयमा उपयुक्त पाठ्यक्रम र तालिमका लागि जनशक्ति तयार गर्ने, देशभर ध्यान र योग प्रवर्द्धन गर्न सबै सरकारी कार्यालय र पर्यटकीय स्थलमा ध्यान तथा योग पद्धतिको प्रयोगका लागि उपयुक्त व्यवस्था गर्ने संकल्प गरिएको छ।

संकल्पमा नेपालमा रहेका ध्यान, योग र चिकित्सा पद्धतिलाई विश्वसामु उपलब्ध गराएर समग्र विश्वशान्ति एवं सहअस्तित्वको सन्देशका लागि वैज्ञानिक पद्धतिको सञ्चार गर्ने र विदेशस्थित नियोग, दूतावास एवं कूटनीतिक सञ्जालमार्फत विश्वभर फैलाउने उल्लेख छ। नेपाललाई ध्यान, योग र पूर्वीय चिकित्सा पद्धतिका माध्यमबाट शान्ति, पर्यटनको केन्द्रका रूपमा विकास गर्दै देशको समृद्धिमा योगदान पुऱ्याउने, देशभर ध्यान र योग प्रवर्द्धन गर्न सक्रिय र समर्पित संस्था तथा अभियान्ताहरूसँग परामर्श तथा सहकार्य गरी सबै सरकारी एवं पर्यटकीयस्थल तथा कार्यालयमा ध्यान तथा योग पद्धतिहरूको प्रयोगका लागि उपयुक्त व्यवस्था मिलाउने संकल्प गरिएको छ। १७ चैतदेखि आयोजित विराट चक्र विज्ञान कार्यक्रममा देशभरिका र अन्तर्राष्ट्रिय क्षेत्रबाट समेत गरी पाँच हजारभन्दा बढीको सहभागिता थियो।

प्रधानमन्त्री प्रचण्डले प्रत्येक नागरिकको जीवन रूपान्तरण गर्न अर्को क्रान्ति गर्ने समय आएको बताए। नेपाल र नेपालीको समग्र हितका लागि वैज्ञानिक अध्यात्म प्रणाली अवलम्बन गर्दै देशको स्वास्थ्य, कृषि, अर्थ, सुरक्षा, वाणिज्य र परराष्ट्र क्षेत्रको अवधारणागत र संरचनागत सुधार गर्नुपर्ने उनको भनाइ छ। युवा पुस्तामा देखिएको उग्र निराशा र नकारात्मकतालाई सुधार गर्दै नेपालमै केही गर्न सकिन्छ भन्ने विश्वास जगाउनुपर्ने पनि उनले बताए।

'राष्ट्रप्रेम र राज्यप्रति युवापुस्तामा देखिएको अविश्वास, उग्र निराशा तथा नकारात्मकताजस्ता समस्यालाई वेलैमा सुधार गर्दै नेपालमै केही गर्न सकिन्छ र गर्नुपर्छ भन्ने भाव जगाउनु छ', उनले भने, 'गर्न खोजे नेपालमा सम्भव छ भन्ने आशा र विश्वास जगाएर एक सय वर्षमा एकपटक प्राप्त हुने युवा जनशक्तिको बाहुल्यको लाभ नेपालको विकासमा लगाउनु छ, यसका लागि नवीन र सकारात्मकता सोच ल्याउन अपरिहार्य भइसकेको छ।'

प्रचण्डले आध्यात्मिक जागरण र साधनाविना बाहिरी रूपमा व्यक्तिले जतिसुकै प्रगति गरे पनि भित्रबाट व्यक्ति अशान्त र अतृप्त नै रहने बताउनुभयो। 'भित्रबाट अशान्त र अतृप्त व्यक्तिबाट आफ्नो हित र समाज एवं राष्ट्रको हित हुने कर्म गर्न सम्भव हुँदैन,' उनले भने, 'त्यसैले आफूभित्रबाटै प्रसन्न, शान्त, सहृदयी, आत्मविश्वासी, सुखी, ज्ञानी, दृढसंकल्पित र आनन्दित जनशक्तिको विकास गर्नु आजको प्रमुख आवश्यकता हो।'

आनन्दित र दृढ विश्वास भएको व्यक्ति रहन हरेकमा आध्यात्मिक जागरण ल्याउन आवश्यक रहेको उल्लेख गर्दै प्रधानमन्त्री प्रचण्डले विज्ञानसम्मत प्रयोगात्मक साधनालाई हरेक व्यक्तिको जीवनशैली बनाउन प्रतिबद्ध भएर लाग्नुपर्नेमा जोड दिए। 'यो शताब्दीमा मात्रै ८० वर्ष लामो राजनीतिक संक्रमण, जनयुद्ध, भूकम्प, नाकाबन्दी, कोभिड-१९ लगायतका दर्जनौं समस्या बेहोरिसक्यौं', उनले भने। आफ्नो नेतृत्वमा राजनीतिक संरचना र दिशा परिवर्तन गर्ने सशस्त्र क्रान्ति पनि सम्पन्न भएको उल्लेख गर्दै उनले त्यही क्रान्तिको फलस्वरूप लोकतान्त्रिक संविधान जारी गर्न सकिएको बताए।

पूर्वप्रधानमन्त्री माधवकुमार नेपालले मानव जातिको हित र कल्याणका लागि समृद्ध जीवनयापनका लागि योग ध्यान आवश्यक रहेको बताए।

एमाले महासचिव पोखरेलले बुद्ध जन्मस्थल लुम्बिनीमा यस खालको बृहत् कार्यक्रम सफल अभियान र उत्सवको रूपमा जनमानसमा सन्देश प्रवाह भएको बताए। उनले प्रकृति र विज्ञान अत्यन्तै अन्योन्याश्रित सम्बन्ध रहेको बताउँदै मानव जीवनलाई सफल बनाउन जीवन विज्ञान बुझ्नु र सही बाटोमा हिँडाउनु जरुरी रहेको उल्लेख गरे। राष्ट्रिय प्रजातन्त्र पार्टीका अध्यक्ष राजेन्द्र लिङ्देनले जीवन विज्ञानले सबैलाई जोड्ने काम गरिरहेको र यसले आमजनमानसमा जागरण पैदा भएको बताए।

उपप्रधान श्रेष्ठले समृद्धिको चरणमा लैजान र सुशासन स्थापनाका लागि नकारात्मक, अराजकता भावना रोक्न जीवन दृष्टिकोणसहित योगध्यान चलाउनुपर्नेमा जोड दिए। यस खालको कार्यक्रम जीवनको साँचोलाई देशव्यापी बनाउने अभियानको थालनी रहेको उनले बताए। लुम्बिनी प्रदेशका प्रदेश प्रमुख अमिक शेरचनले योग र ध्यान शरीर विज्ञानको एउटा पाटो रहेकाले शरीरका लागि अत्यावश्यक विषय रहेको बताए।

संक्षेप

कर्तव्य ज्यान मुद्दाका फरार प्रतिवादी चार वर्षपछि समातिए

लहान/ प्रहरीले सिराहाका दक्षिणी सीमावर्ती बरियारपट्टि गाउँपालिका- ५ मा चार वर्षअघिको कर्तव्य ज्यान मुद्दाका फरार प्रतिवादीलाई पक्राउ गरेको छ। आर्थिक वर्ष ०७६/७७ को कर्तव्य ज्यानसम्बन्धी मुद्दाका प्रतिवादी करिब ४५ वर्षीय नन्दकुमार यादवलाई प्रहरीले पक्राउ गरेको हो। इलाका प्रहरी कार्यालय महेशपुर पतारमार्फत कर्तव्य ज्यान मुद्दा चलिरहेका यादवलाई लुकीछिपी गाउँघरमा डुलिरहेको सूचनाका आधारमा बिहीबार राति पक्राउ गरिएको जिल्ला प्रहरी कार्यालय सिराहाले जनाएको छ। प्रहरीका अनुसार उनलाई सोही रातिदेखि लागू हुने गरी शुक्रबार सिराहा जिल्ला अदालतबाट सात दिनको म्याद लिई महेशपुर पतार प्रहरीमा राखेर थप अनुसन्धान भइरहेको छ।

लागुऔषधसहित पोखराबाट दुई पक्राउ

कास्की/ लागुऔषधसहित पोखराका दुई स्थानबाट प्रहरीले दुईजनालाई पक्राउ गरेको छ। जिल्ला प्रहरी कार्यालय कास्कीका प्रमुख मोहनकुमार थापाका अनुसार वडा प्रहरी कार्यालय बैदाम कास्कीबाट खटिएको प्रहरी टोलीले पोखरा महानगरपालिका- १७ तितेपानी बस्ने वर्ष २३ का मनिल बुढा मगर र पोखरा- ६ शान्तिपाटन बस्ने वर्ष ४० का गोपाल गर्बुजा पुनलाई लागुऔषधसहित पक्राउ गरेको हो। प्रहरीले बुढा मगरबाट डाइजापाम २० र नुर्फिन १२ गरी ३२ एम्पुल बरामद गरेको छ। पुनलाई डाइजापाम चार, फेनेरागन चार र नुर्फिन चार गरी १२ एम्पुल लागुऔषधसहित फेला परेको थापाले जानकारी दिए। पक्राउ परेका उनीहरूलाई लागुऔषधसम्बन्धी मुद्दामा अनुसन्धान प्रक्रिया अगाडि बढाइएको प्रहरीले जनाएको छ।

धनगढीमा भुस्याहा कुकुरको बन्ध्याकरण गरिँदै

धनगढी/ कैलालीको धनगढी उपमहानगरपालिकामा भुस्याहा कुकुरको बन्ध्याकरण गर्न थालिएको छ। नगरमा भुस्याहा कुकुरको संख्या नियन्त्रण गर्न बन्ध्याकरण शिविर सुरु गरिएको उपमहानगरले जनाएको छ। चार दिनसम्म सञ्चालन हुने शिविरमा तीन सय भुस्याहा कुकुरको बन्ध्याकरण गर्ने लक्ष्य लिइएको छ। उपमहानगरको पशुसेवा शाखा प्रमुख डा. समीरकुमार ठाकुरले भुस्याहा कुकुरका कारण रेबिजलगायत रोग सर्ने जोखिम रहेकाले संख्या नियन्त्रण गर्न बन्ध्याकरण भइरहेको बताए। उनले वडावडामा गई भुस्याहा कुकुर समातेर नगरपालिकामा ल्याएर बन्ध्याकरण गरिरहेको जानकारी दिए। 'भुस्याहा कुकुरबाट गाईबस्तुमा रेबिज रोग सरेको नगरमै धेरै 'केस' छन्। भुस्याहा कुकुरले मानिसलाई पनि टोकेर भएकाले मानिसमा समेत रेबिज सर्ने जोखिम हुन्छ,' ठाकुरले भने, 'भुस्याहा कुकुरको संख्या नियन्त्रण गर्न बन्ध्याकरण गर्न थालेका हौं।' उपमहानगरले विगत चार वर्षदेखि वर्षमा एकपटक भुस्याहा कुकुरको बन्ध्याकरण शिविर गर्दै आएको उनले जानकारी दिए। धनगढीमा गत वर्ष एक सय ५४ वटा कुकुरको बन्ध्याकरण गरिएको थियो। भाले र पोथी दुवैको बन्ध्याकरण गर्ने र पहिचानका लागि बन्ध्याकरण गरिएका कुकुरको कान चिर्ने गरिएको उपमहानगरले जनाएको छ। छिमेकी पालिकासँगै खुला सिमानाका कारण भारतबाट समेत आउने भएकाले धनगढीमा भुस्याहा कुकुरको संख्या बढ्दै गएको डा. ठाकुरले बताए। 'भुस्याहा कुकुरको संख्या बढ्न नदिने स्थायी उपाय बन्ध्याकरण गर्नु हो, त्यसैले हरेक वर्ष उपमहानगरले बन्ध्याकरण शिविर सञ्चालन गरिरहेको छ,' उनले भने, 'बन्ध्याकरण गर्ने कुकुरको संख्या पनि बढाउँदै लगेका छौं।'

लहान नगरपालिकाले तिरिदियो किसानको १४ लाख कृषि विद्युत् महसुल



चैतेधान रोप्न विद्युतीय मोटरबाट पानी तान्दै सिराहा लहान नगरपालिका- २३ गाढागाउँका किसान।

लहानमा **मणिलाल विश्वकर्मा**

सिराहाको लहान नगरपालिकाले नगरक्षेत्रका किसानले खेतीपातीका लागि प्रयोग गरेको कृषि विद्युत् मिटरको १४ लाख रुपैयाँभन्दा बढी महसुल तिरिदिएको छ। नगरपालिका परिसरमा शनिबार नगरप्रमुख महेशप्रसाद चौधरी र उपप्रमुख रामचलितर महतोले संयुक्त रूपमा नेपाल विद्युत् प्राधिकरण लहान वितरण केन्द्रका लेखा प्रमुख जितेन्द्र झालाई किसानले तिर्नुपर्ने कृषि विद्युत्को १४ लाख आठ हजार ४७ रुपैयाँको चेक हस्तान्तरण गरेका हुन्।

नगरप्रमुख चौधरीले नगरका १ देखि २४ वटै वडाका किसानहरूलाई कृषि उत्पादनमा प्रोत्साहित गर्न कृषि विद्युत्को महसुल नगरले तिरिदिएको बताए। 'खेतीपातीका वेला वर्षा नहुँदा किसान हुकिङमार्फत विद्युतीय मोटर प्रयोग गरी खेती गर्न बाध्य थिए,' उनले भने 'किसानहरूलाई कम्तीमा विद्युतीय मोटरमार्फत गरिने सिँचाइमा सहुलियत दिँदा कृषि उत्पादन बढाउन किसानले पनि थप मिहिनेत गर्ने भएकाले नगर क्षेत्रका एक हजार दुई सय ३४ किसानको कृषि विद्युत्को महसुल तिरिदिएका हौं।'

यसपटक आव ०७९/८० मा नगर क्षेत्रका किसानले उपभोग गरेको कृषि विद्युत् मिटरको महसुल तिरिएको जानकारी दिँदै उनले आव ०८०/८१ का लागि समेत उक्त सुविधा राखिएकाले चैतको तेस्रो हप्तासम्म करिब साढे सात सयजना किसानले आफूले उपभोग गरेको कृषि विद्युत् मिटरको महसुलका लागि नगरको कृषि विकास शाखामा आवेदन दिएको कृषि विकास संयोजकसमेत रहेका लहान- १२ का वडाध्यक्ष बद्रीनारायण चौधरीले बताए।

लेखाप्रमुख झाका अनुसार लहान वितरण केन्द्रअन्तर्गत पर्ने बरियारपट्टी गाउँपालिका र धनगढीमाई नगरपालिकाले पनि किसानले उपभोग गरेको कृषि विद्युत् मिटरको महसुल बुझाएका छन्। सिराहा वितरण केन्द्रअन्तर्गत पर्ने औरही गाउँपालिकाले पनि किसानको कृषि विद्युत् महसुल बुझाएको जनाइएको छ।

'मानिसमा देखिने ६०% रोग जनावरबाट सर्छन्'

काठमाडौं/ मानिसमा देखिने जुनोटिक रोग (मानवबाट पशुपक्षी र पशुपक्षीबाट मानवमा सर्ने रोग) वन्यजन्तुबाट सर्ने गरेकाले वान हेल्थ (मानव र वन्यजन्तुबीच अपसमा रोग नसर्ने वातावरण)को अवधारणा अवलम्बन गर्नुपर्ने जोड दिइएको छ। मानिसमा देखिने ६० प्रतिशत रोग जनावरबाट सरेको एक अध्ययनले देखाएको छ। चितवन राष्ट्रिय निकुञ्जका वरिष्ठ पशु चिकित्सक डा. विजयकुमार श्रेष्ठका अनुसार यसलाई न्यूनीकरण गर्न वान हेल्थको रणनीति सबैले अवलम्बन गर्न आवश्यक छ। मानिसको स्वास्थ्य मात्रै होइन, जनावरको स्वास्थ्यलाई समेत प्राथमिकतामा राखेर अगाडि बढ्नुपर्ने वेला आएको छ। श्रेष्ठ भन्छन्, 'इबोला, स्वाइन फ्लु, कोभिडजस्ता महामारी जनावरबाटै मानव समुदायमा पुगेका छन्।'

निकुञ्जसँग आबद्ध संघ-सस्था, नागरिक अगुवा र स्थानीय प्रतिनिधिहरूसँग वान हेल्थ अवधारणा, यसले पारेको असर र बच्ने उपायको खोजी भइरहेको डा. श्रेष्ठले बताए। जुनोटिक रोगका कारण वन्यजन्तुमा भइरहेको संक्रमणलाई बेवास्ता गर्दा मानिसमा विभिन्न संक्रमण बढ्न थालेको उनको भनाइ छ। कोभिड, डेंगु, क्षयरोग आदि रोग वन्यजन्तुबाट मानिसमा फैलिएको र यसबारे अध्ययन एवं चासो नदिँदा समस्या बढिरहेको विज्ञहरूको भनाइ छ। जुनोटिक रोगका कारण चितवन निकुञ्जका जनावर मरिरहेकाले वान हेल्थ अवधारणा आवश्यकता देखाएको उनीहरूको भनाइ। वान हेल्थ अवधारणाबारे सचेताना जगाउन हालै चितवनमा अन्तर्क्रिया आयोजना गरिएको थियो।

सन् २००४ मा पहिलोपटक चितवनमा डेंगु पुष्टि भएको र हाल प्रत्येक दुई वर्षमा प्रकोपको रूप लिएरहेकाले सजग हुनुपर्ने कार्यक्रमका सहभागीले जोड दिए। लामखुट्टेको वृद्धि विकास रोक्न वातावरणको उचित व्यवस्थापन जरुरी रहेको कार्यक्रममा सहभागी जिल्ला जनस्वास्थ्य कार्यालय चितवनका प्रमुख दिनेश रुपाखेतीले बताए।

कुचबधियालाई जीविकोपार्जन गर्न समस्या

ढुंगाको सिलौटा, जाँतो, सनपाटको डोरी बिक्री हुन छाडेपछि दैनिकी कष्टकर बन्दै

बाँकेमा **विश्वराज पछ्लडङ्गया**

जानकी गाउँपालिका- ३, इन्द्रपुरमा बसोवास गर्ने कुचबधिया (पत्थरकट्टा) को दैनिकी कष्टकर बन्दै गएको छ। ढुंगाको सिलौटा, जाँतो बनाउने र सनपाटको डोरी बाटेर जीविकोपार्जन गर्ने यो समुदायलाई अहिले एक छाक जुटाउन हम्मेहम्मे परेको छ।

ढुंगाको सिलौटा, जाँतो र सनपाटको डोरी बिक्री हुन छाडेपछि उनीहरूको दैनिकी कष्टकर बनेको हो। इन्द्रपुरस्थित ऐलानी जमिनमा बसोवास गर्दै आएका कुचबधिया परिवार अहिले पनि नजिकैको खुला ठाउँमा शौच गर्न बाध्य छन्। 'चारैतिर अर्काको जमिन छ। शौचालय नभएका कारण त्यही खेतबारीमा शौच गर्नुको विकल्प छैन,' स्थानीय पटवारी कुचबधियाले भने, 'अर्काको जमिनमा शौच गर्न जाँदा लखेट्छन्। विभिन्न थरी गाली गर्छन्। तर, के गर्नु त्यहाँ शौच गर्नुको विकल्प हामीसँग छैन।'

उनीहरूले मासु महिनौं खान पाउँदैनन्। खसीको मासु त वर्षमा मुस्किलले एक-दुईपटक खान पाउने गरेको स्थानीय नन्कौ कुचबधियाले बताइन्। उनले कुखुराको मासु किन्न नसकेकै कारण रुपइडिहाबाट कुखुराको छाला र आन्द्रा ल्याउने गरेको बताइन्।

एक किलो कुखुराको छाला ५० रुपैयाँमा ल्याउने गरेको उनले सुनाइन्। हप्तामा एक-दुई दिन मासु पसलेले फालेको कुखुराको छाला किन्न रुपइडिहा जाने गरेको उनको भनाइ छ। 'मासु किन्न सकिँदैन। मासु खान मन लाग्यो भने दुई-चारजना मिलेर रुपइडिहा जान्छौं। एक दुई-चार किलो लिएर आउँछौं,' उनले भनिन्, 'मर्नुभन्दा बहुलाउनु बेस भनेजस्तै खान नपाउनु भन्दा



मासु पसलेले फालेको कुखुराको छालाबाट भुत्ला निकाल्दै कुचबधिया।

फालेको कुखुराको भुत्लासहितको छाला लिएर आउँछौं। यसैले मासुको तलतल मेटाउँछौं।'

पुख्यौंली पेसा संकटमा परेपछि जीविकोपार्जन गर्न धेरै समस्या भएको फुलमती कुचबधियाले बताइन्। उनले साँझ-बिहानको छाक टार्न मुस्किल भएको गुनासो गरिन्। सिलौटा, जाँतो बिक्री हुन छाडेको बताउँदै उनले सरकारले वैकल्पिक सीप नदिँदा जीविकोपार्जनमा समस्या भएको बताइन्। 'साँझ खाएपछि बिहान के खाऊँ भन्ने हुन्छ,' उनले भनिन्, 'मासु खान दिनबार हेर्नुपर्छ। एकदमै खान मन लाग्यो भने रुपइडिहा गएर मासु पसलेले फालेको भुत्लासहितको छाला मासु ल्याउँछौं। त्यही मासु किन्न दिनबार हेर्नुपर्छ।'

सरकारले घर बनाउने रकम दिए पनि अधुरो रकम दिएको पटवारी कुचबधियाले गुनासो गरे। पहिलो किस्ताबाट घर ठड्याए पनि छाउन नसकेको बताउँदै उनले अधुरो घरमा बस्न बाध्य भएको बताए। 'सरकारले घर बनाउने रकम केही परिवारलाई दियो। त्यो पनि पहिलो किस्ता मात्र पायौं। घर ठडिएको छ, तर छाउन सकेका छैनौं,' उनले भने, 'कि नदिनुपर्थ्यो, दिएपछि पूरा दिनुपर्थ्यो। हामी यता न उताका भयौं।'

बाँकेमा झन्डै दुई सय परिवार कुचबधिया बसोवास गर्छन्। यो समुदायबाट एसइई गर्ने अहिलेसम्म कोही छैन। यहाँका अधिकांश बालबालिका विद्यालय जाँदैनन्। 'थोरै बालकालिका विद्यालय जान्छन्। तैपनि पूरै समय नबसेर फर्किन्छन्,' पटवारीले भने, 'पाँच कक्षामा पढ्नेले समेत आफ्नो नाम लेख्न जान्दैनन्।'

NEPAL RED CROSS SOCIETY

TENDER NOTICE

Date of First Publication: 07 April 2024

Sealed tenders are hereby invited from registered firms/manufactures/authorized agent or distributor for the supply and delivery of Blood Bags, Rapid Tests, CLIA Tests, Antisera and Other Materials for NRCS, Blood Transfusion Service.

1. Tender document containing request for quotation, instruction to bidders, detailed specifications of each items and the terms & conditions etc. can be purchased from Nepal Red Cross Society, National NHQS, Red Cross Marga, Kalimati, Kathmandu during office hours from **07 April, 2024 to 05 May, 2024** on written request with relevant documents and against payment of non – refundable tender fee of Rs. 3,000/-.
2. Tenders in sealed cover with samples of required materials and the bank deposit voucher/bank guarantee of earnest money will be received at the above address during working days **on or before 4:00 PM, 06 May 2024** at NRCS, Procurement Management Division. Bidders are responsible to maintain cold chain of testing kits._The tender received **will be opened at 11:30 A.M. on 07 May, 2024** at NRCS, NHQS, Kalimati, Kathmandu. The bidders must meet all the requirements as specified in the tender documents and therefore advised to go through the tender documents carefully before submission and assure him/her for the compliance of the specified terms & conditions.
3. The bidder(s) must deposit 2.5 % including VAT 13% of the total bid amount as Earnest Money in the form of Bank Voucher against cash deposited in account No. 17 0002089 33 of Nepal Red Cross Society at Standard Chartered Bank Ltd. Kathmandu or Bank Demand Draft payable in favor of the said account at the submission of bids or Bank guarantee issued by A class bank with validity of 3 months (90) days. The successful bidder(s) will have to deposit 10% (ten percent) of the order value including VAT as Performance Security at the time of signing the agreement.
4. All bidders are requested to submit the standard certificates (for example WHO, GMP, CE, ISO, FDA certificates etc.) of all materials as mentioned in the specification. Non-submission of standard certificates or submission of expired certificate will be considered as non-responsive and shall be excluded from further evaluation.
5. Local representative of principal companies or firms should submit bid forms with letter of authorization having the authority to quote rates and represent what so ever uses on behalf of the manufacturer) from principal and attested copy of renewed form registration, VAT and the latest tax clearance certificate.
6. Detail Specifications of the materials will be as mentioned in the tender document.
7. Any offer, discount, increase or decrease in price after opening the sealed tender will not be accepted.
8. The Nepal Red Cross Society reserves the right to increase or decrease the quantity or drop any item and also to accept or reject part or whole tender or any or all the tenders without assigning any reason whatsoever and not bound to accept the lowest bid.
9. Important: All bidders are requested to submit the technical and the financial proposal in the separate envelope and must clearly mention the name of the proposal in front of the envelope. Only technically qualified firms will be selected for final selection process.

Nepal Red Cross Society
National Head Quarters
Red Cross Marga, Kalimati,
Kathmandu, Nepal, Phone: 01-5370650

बाइडेन–सी टेलिफोन वार्ता र विश्व राजनीति

चीन र अमेरिकाजस्ता दुई ठूला देशले एक-अर्कासँग सम्बन्ध तोड्ने अथवा पछाडि फर्कने नभई स्थिर, सुदृढ र दिगो रूपमा अघि बढ्नुपर्छ



● पामिर गौतम

अग्रलेख

वर्तमान विश्व राजनीतिमा दुई ठूला आर्थिक र सैन्य शक्ति संयुक्त राज्य अमेरिका र चीनबीचको सम्बन्ध विश्वव्यापी व्यवस्था, स्थायित्व र शान्तिका लागि सबैभन्दा बढी महत्त्वपूर्ण सम्बन्ध हो । तर, यी दुई ठूला शक्तिबीचको द्विपक्षीय सम्बन्धमा भने अनेकौँ उल्झन छन् र दुवै पक्षका नेता एक-अर्कालाई आफ्नो अस्तित्वको खतराका रूपमा हेर्छन् । कुनै पनि पक्षबाट हुन सक्ने गलत रणनीतिक अनुमानले विनाशकारी परिणाम ल्याउन सक्छ । तसर्थ, यस्तो परिणामलाई रोक्न दुवैले सञ्चारको बाटो खुला राख्न र मतभेदलाई शान्तिपूर्ण तरिकाले समाधान गर्न तयार रहन जरुरी छ । दुवैतर्फका नेतृत्वले यी तथ्य अवश्य बुझेका छन् र सम्बन्धलाई 'ट्र्याक'बाहिर जानबाट रोक्नुपर्छ भन्नेमा सचेत छन् । गत अप्रिल २ मा अमेरिकी राष्ट्रपति बाइडेन र चिनियाँ राष्ट्रपति सी चिनफिंगबीचको टेलिफोन वार्तालाई यसै सेरोफेरोमा बुझ्न जरुरी छ । यो संवाद नोभेम्बर २०२३ मा क्यालिफोर्नियामा यी दुईबीच भएको भेटपछिको पहिलो हो । दुवै पक्षले स्पष्ट र रचनात्मक भनेको पछिल्लो संवादमा बाइडेन र सी द्विपक्षीय सहयोग र भिन्नताका क्षेत्रलगायत क्षेत्रीय र विश्वव्यापी मुद्दामा केन्द्रित थिए ।

अमेरिकी विदेश मन्त्रालयले जारी गरेको विज्ञप्तिअनुसार सीसँगको वार्तामा राष्ट्रपति बाइडेनले ताइवान स्ट्रेटमा शान्ति र स्थायित्व कायम गर्न र दक्षिण चीन सागरमा कानुनी शासन र नेभिगेसनको स्वतन्त्रताको महत्त्वमाथि जोड दिएका छन् । रुससँगको चीनको आर्थिक संलग्नताले रुसी रक्षा उद्योगलाई फाइदा पुगेको र यसले युरोपेली र ट्रान्सएट्लान्टिक सुरक्षालाई प्रत्यक्ष प्रभाव पारेकामा बाइडेनले चिन्ता व्यक्त गरेका थिए । त्यस्तै चीनको अनुचित व्यापार नीति र गैरबजारीय आर्थिक अभ्यासले अमेरिकी कामदार र परिवारलाई हानि पुऱ्याएको बाइडेनको तर्क थियो । साथै सीसँगको वार्तामा बाइडेनले अमेरिकी राष्ट्रिय सुरक्षालाई कमजोर पार्न सक्ने उन्नत अमेरिकी प्रविधिमा चीनको पहुँच रोक्न अमेरिकाले आवश्यक कदम चाल्ने स्पष्ट पारेका छन् ।

त्यस्तै बाइडेनसँगको वार्ताका क्रममा राष्ट्रपति सीले सानफ्रान्सिस्को बैठकपछि दुई देशबीचको सम्बन्ध स्थिर हुन थाले पनि सम्बन्धमा नकारात्मक कारक पनि बढ्दै गएकाले यसमा दुवै पक्षले ध्यान दिन आवश्यक रहेको बताएका छन् । उनले चीन र अमेरिकाजस्ता दुई ठूला देशले एक-अर्कासँग सम्बन्ध तोड्ने अथवा एक-अर्काबाट पछाडि फर्कने नभई स्थिर, सुदृढ र दिगो रूपमा अघि बढ्नुपर्ने बताए । ०२४ मा चीन-अमेरिका सम्बन्धलाई स्थिर र सुदृढ बनाउन सीले बाइडेनसँग तीनवटा सिद्धान्तमा जोड दिएका छन् । पहिलो, दुई देशको सम्बन्धमा शान्तिलाई महत्त्व दिन जरुरी छ र दुवै देशबीचको सम्बन्धमा रहेको सकारात्मक पक्षलाई थप मजबुत पार्न आवश्यक छ । दोस्रो, दुई देशबीचको सम्बन्धमा स्थिरतालाई प्राथमिकता दिनुपर्छ र सम्बन्धमा स्थायित्व कायम राख्न दुवै पक्षले सम्बन्धलाई पछाडि धकल्ने, कुनै पनि मुद्दालाई उक्साउने वा दुई देशको मूल हितका विषयमा सीमा नाघ्ने कार्यबाट टाढा रहनुपर्छ । तेस्रो, दुवै पक्षले एक-अर्काप्रति विश्वसनीयता कायम गर्नुपर्छ, जसका लागि दुवैले आआफ्ना प्रतिबद्धतालाई सम्मान र कार्यान्वयन गर्न, पारस्परिक सम्मानपूर्ण ढंगले संवादलाई सुदृढ गर्न, मतभेदलाई विवेकपूर्ण रूपमा व्यवस्थापन गर्न, पारस्परिक हितको भावनामा सहयोगलाई अगाडि बढाउन र जिम्मेवारीपूर्वक अन्तर्राष्ट्रिय मामिला समन्वयलाई अगाडि बढाउन आवश्यक छ ।

चीन-अमेरिका सम्बन्धमा ताइवान मुद्दा 'रातो रेखा' भएकाले अमेरिकाले त्यसलाई पार गर्न नहुने सीले स्पष्ट पारेका छन् । सीले भने- ताइवानको स्वतन्त्रताका नाममा पृथक्तावादी गतिविधिमा बाह्य प्रोत्साहन, समर्थन र उक्साहट भएमा चीन हात बाँधेर बस्नेवाला छैन । गत जनवरीमा पनि चिनियाँ रक्षा मन्त्रालयका सैन्य अधिकारीले वासिंटन डिसीमा अमेरिकी समकक्षीसँगको भेटमा बेइजिङले ताइवानको मुद्दामा कहिल्यै सम्झौता नगर्ने बताएका थिए । त्यसको केही समयपछि चिनियाँ विदेशमन्त्री वाङ यीले 'ताइवान स्वतन्त्रता'को मुद्दाले दुई देशबीचको सम्बन्धमा सबैभन्दा ठूलो जोखिम खडा गरेको बताएका थिए ।

बाइडेनसँगको वार्तामा सीले जोखिम नियन्त्रण 'डी-रिस्किङ'का नाममा अमेरिकी बजार र प्रविधिमा चिनियाँ पहुँच रोक्न अमेरिकाले अपनाएको नीति र अमेरिकी प्रतिबन्ध सूचीमा चिनियाँ संस्थाहरूको नाम थपिइरहनु डी-रिस्किङ नभएर जोखिम सिर्जना 'रिस्क क्रिएटिङ' भएको बताएका छन् । यस्ता नीति चीनको हाइटेक विकासलाई रोक्ने र चीनलाई विकासको वैधानिक अधिकारबाट वञ्चित गर्ने मनसायले अघि आएको तर चीनको वैज्ञानिक र प्राविधिक प्रगतिको गतिलाई कुनै पनि शक्तिले रोक्न नसक्नेबारे सीले प्रस्ट पारेका छन् । अमेरिकी वाणिज्य विभागले अमेरिकी कृत्रिम बुद्धिमत्ता (एआई) चिप्स र चिप्स बनाउने उपकरणमा चीनको पहुँच रोक्न गत अक्टोबरमा घोषणा गरेको आफ्नो चिप निर्यात नियमलाई थप कडा बनाउन २९ मार्चमा परिमार्जन गरेपछि सीको टिप्पणी आएको हो । 'अमेरिका पारस्परिक रूपमा लाभदायक सहयोग र साझेदारी गर्न इच्छुक छ भने चीन सधैँ तयार रहनेछ, तर चीनको विकासको गति रोक्ने मनसायले अघि बढे चीन पछि हटेर हेरेर बस्नेछैन,' सीले बाइडेनलाई भनेका छन् ।

कमिज लगाउँदा पहिलो बटन नै गलत लगाइयो भने त्यसपछिका सबै बटन गलत लाग्ने भएजस्तै एक-अर्काप्रति सही रणनीतिक धारणा राख्नु नै दुई देशबीचको सम्बन्धमा सुधार ल्याउने पहिलो कदम भएकामा दुवै पक्ष सचेत रहनुपर्ने सीले बताएका छन् । टेलिफोन संवादका क्रममा बाइडेनले अमेरिकाले वार्ता र सञ्चारलाई सुदृढ गर्न, गलत अनुमानबाट बच्न र सहयोग प्रवर्द्धन गर्न, सम्बन्धलाई स्थिर मार्गमा अगाडि बढाउन अमेरिकी अर्थमन्त्री जेनेट येलेन र विदेशमन्त्री एन्टोनी ब्लिन्केनलाई छिट्टै चीन भ्रमणमा पठाउने बताएका थिए । जेनेट येलेन अहिले ६ दिने चीन भ्रमणमा छिन् भने ब्लिन्केनले चाँडै चीन भ्रमण गर्ने अपेक्षा गरिएको छ ।

टेलिफोन संवाद अमेरिकी अनुरोधमा भएकाले वर्तमान विश्व परिवेशमा वासिंटन बेइजिङसँगको तनाव कम गर्न बढी इच्छुक रहेको प्रस्ट हुन्छ । एकातर्फ गाजा र युक्रेनको द्वन्द्वमा अमेरिकी 'पोजिसन' र बाइडेनको परराष्ट्र नीतिलाई नै लिएर अधिकांश विश्व समुदाय बेखुस छन् भने अर्कातर्फ यिनै मुद्दाले अमेरिकीमाझ बाइडेन प्रशासनमाथि अविश्वास र असन्तुष्टि बढ्दै गएको अवस्था छ, जुन आउँदो चुनावमा बाइडेनका लागि प्रमुख चुनौती बन्नेछ । चीन-अमेरिकी सम्बन्धमा ताइवान सबैभन्दा संवेदनशील 'फ्ल्यासपोइन्ट' हो । ताइवान प्रश्नमा चीनको अडान एकदमै स्पष्ट छ, र चिनियाँ नेतृत्वले हरेक भेटमा अमेरिकालाई यसबारे सचेत पनि गराउँदै आएको छ । २० मेमा राष्ट्रपतिको पदभार ग्रहण गर्न लागेका ताइवानी स्वतन्त्रता समर्थक नेता विलियम लाई चिङ-तेप्रति चीन सकारात्मक छैन । ताइवानका नयाँ नेताले ताइवानलाई स्वतन्त्र घोषणा गरे या त्यसमा गम्भीर हुने प्रयास गरे वा अमेरिकाले स्वतन्त्रताका लागि ताइवानको दाबीलाई समर्थन गऱ्यो भने यसले अमेरिका र चीनबीच युद्ध निम्त्याउने उच्च सम्भावना छ । गाजा र युक्रेनको द्वन्द्वमा फसेको अमेरिकालाई अहिले ताइवानको मुद्दा उक्साउनु टाउको दुखाइको विषय बन्न सक्छ ।

> अमेरिका वा चीन, कुनै एक पक्षबाट हुन सक्ने गलत रणनीतिक अनुमानले विनाशकारी परिणाम ल्याउन सक्ने हुनाले यस्तो परिणामलाई रोक्न दुवैले सञ्चारको बाटो खुला राख्न र मतभेदलाई शान्तिपूर्ण तरिकाले समाधान गर्न तयार रहन जरुरी छ

चीन-अमेरिका सम्बन्धमा दुई प्रमुख मुद्दा रहेका छन्, ताइवान र चीनको राजनीतिक प्रणाली । १९८२ मा मार्गरेट थ्याचरले चीन भ्रमणका क्रममा देंग सियाओपिंगसँग भेट गरेर ग्रेटहलको सिँढीबाट ओर्लने क्रममा त्यहाँको खुट्किलामा चिप्लेको भिडियो र तस्बिर विश्वभर निकै भाइरल भएको थियो । भर्खरैको 'फोकल्यन्ड' युद्धको विजयले निकै आत्मविश्वासी र हौसिएकी थ्याचरले देंगलाई हङकङको लिज अवधि थप गर्ने प्रस्ताव गरेकी थिइन् । आइरन लेडी थ्याचरलाई लागेको थियो- देङले उनको प्रस्ताव सहजै स्विकार्नेछन् । तर, देङले थ्याचरको प्रस्ताव अस्वीकार मात्र गरेनन्, चीनले चाहेमा साँझसम्म बलपूर्वक हङकङलाई लिन सक्ने जवाफसमेत दिएका थिए । देंगको प्रतिक्रियाको दृढता देखेर थ्याचर स्तब्ध बनिन् र देङसँगको भेटपछि ग्रेट हल अफ द पिपुलको सिँढीमा लड्नि भन्ने रिपोर्ट मिडियाले गऱ्यो । भन्नुको मतलब चिनियाँहरू आफ्नो भौगोलिक सार्वभौमसत्ता र अखण्डतालाई लिएर निकै गम्भीर छन् र त्यसमा कुनै प्रकारको सम्झौता गर्न तयार छैनन् भन्ने नै हो । ताइवानलाई चीनले आफ्नो मूल स्वार्थका रूपमा प्रस्तुत गर्दै आएको छ र त्यसमा कुनै प्रकारको सम्झौता गर्न तयार देखिन्न । अमेरिका स्वयंले पनि एक चीन नीति अपनाएको छ ।

चीनले अपनाएको राजनीतिक प्रणालीलाई लिएर पनि अमेरिकाको असन्तुष्टि छ । तर, यी वास्तविक असन्तुष्टिभन्दा पनि आन्तरिक खपतका लागि गरिने तर्क हुन् । राजनीतिक प्रणाली चिन्ताको विषय नै हुने हो भने कम्युनिस्ट भियतनाम मित्र हुने र कम्युनिस्ट चीन चिन्ताको विषय भन्ने हुन्छ र ? वर्तमान चीनले सोभियत संघझैँ न त विश्वभर आफ्नो विचारधारा फैलाएर वा सेना पठाएर क्रान्ति सिर्जना गर्ने प्रयास गरेको छ, न त त्यस्तो महत्त्वाकांक्षा नै बोकेको छ । तर, यो अवश्य हो, चीनले राष्ट्रिय कायाकल्प या विगतमा रहेको आफ्नो वैभव पुनर्स्थापित गर्ने सपना देखेको छ । माओदेखि देंग र सीसम्म यी सबैले आफ्नो पुरातन समृद्ध सभ्यतामा सधैँ गर्व गर्दै आएका छन् ।

चीन र अमेरिका प्रतिस्पर्धामा रहेको प्रमुख क्षेत्रमध्ये एक हो दक्षिणपूर्वी एसिया । निश्चय पनि चीन र अमेरिकाको दक्षिणपूर्वी एसियालीलगायत एसिया प्रशान्त क्षेत्रको अर्थतन्त्रसँग गहिरो अन्तरनिर्भर आर्थिक सम्बन्ध छ, जसमा सम्पूर्ण क्षेत्रको आर्थिक समृद्धिको जग निर्माण भएको छ । केही दिनअघि मात्र सिंगापुरस्थित दक्षिणपूर्वी एसियाली अध्ययन संस्थानले 'दक्षिणपूर्वी एसियाको स्थिति : २०२४' सर्वेक्षण रिपोर्ट सार्वजनिक गरेको छ । सो अध्ययनअनुसार यस क्षेत्रमा चलिरहेको प्रतिद्वन्द्वितामा आफूलाई पक्ष रोज्न बाध्य गराइएको अवस्थामा ५०.५ प्रतिशतले चीनलाई सही विकल्प मानेका छन् भने ४९.५ प्रतिशतले अमेरिका । एक प्रतिशतको भिन्नता खासै ठूलो अन्तर नलाग्ला, तर हेर्न के जरुरी छ भने अघिल्लो वर्ष अमेरिकालाई सही विकल्प मान्ने संख्या ६१.१ प्रतिशत थियो, जुन झरेर अहिले ४९.५ प्रतिशतमा पुगेको छ । त्यस्तै गत वर्ष ३८.९ प्रतिशत मात्र उत्तरदाताले चीनलाई रुचाएका थिए । यो तथ्यांकले यस क्षेत्रमा अमेरिकी विदेश नीतिप्रति असन्तुष्टि बढ्दै गएको देखाउँछ ।



---

३ प्रश्न

पूर्वपरराष्ट्रमन्त्री **रमेशनाथ पाण्डेलाई**



परराष्ट्रमन्त्रीको चीन भ्रमण कस्तो भयो ?

यो भ्रमणमा देशको परराष्ट्रमन्त्रीलाई पार्टीको उपाध्यक्षले ओझेलमा पाऱ्यो । पार्टीले सरकारलाई उछिन्ने शैलीले निरन्तरता पायो भने वैदेशिक सम्बन्धमा नेपाल सरकार किनारामा धकेलिँदै जानेछ । वैदेशिक सम्बन्ध सञ्चालनमा सरकारको भूमिका नरहेको सूचना प्रवाह भयो भने भारत, चीन र अमेरिकाको सामरिक राडारमा रहेको नेपालको दुर्दिन सुरु हुनेछ । तसर्थ, वैदेशिक सम्बन्ध नेपाल सरकारले नै सञ्चालन गर्नुपर्छ, यसमा सरकारलाई उछिन्ने प्रयास पार्टीका नेताले गर्नुहुँदैन ।

वैदेशिक क्षेत्रमा मौसम कस्तो छ ?

भारतको 'पडोसी पहेले' (नेबरहुड फर्स्ट) नीति र चीनको 'परिधीय कूटनीति' (पेरिफेरल डिप्लोमेसी)ले नेपालको छिमेक सम्बन्ध सञ्चालनमा नयाँ प्रकृतिको सन्दर्भ ल्याएको छ । यसमा नेपालका लागि अपूर्व अवसर र पहिले नभोगेका धारिला चुनौती छन् । छिमेक नीतिको लक्ष्य र सम्बन्ध सञ्चालनको विधिमा भारत र चीनको समानता र भिन्नतालाई राज्यका सबै अंगले एकीकृत रूपमा सम्बोधन गर्ने कार्यपद्धति बनाउनुपर्छ । एउटा छिमेकीले अतिथि परराष्ट्रमन्त्रीसँग ठाडै सरकारको आयु सोध्ने, अर्कोले 'पोडकास्ट'मार्फत गुनासो गर्दै 'बसेर मिलाउनुपर्ने सीमा विवाद जनस्तरमा पुऱ्याएर नागरिकलाई भड्काएको' भन्ने अवस्थाले नेपालको राजनीति र कूटनीतिका कमजोरीले छिमेकीसँगको सम्बन्धमा मौसम असामान्य बनाएको देखाउँछ ।


नेपालको सामर्थ्य र कमजोरी के-के हुन् ?

भूगोल सामर्थ्य हो, यसको प्रयोगमा संयमको कमी-कमजोरी हो । २१ चैतमा प्रकाशित 'ग्लोबल क्रेडिट आउटलुक रिपोर्ट २०२४' ले २०३० मा अमेरिका, चीन र भारत विश्वका पहिलो, दोस्रो र तेस्रो आर्थिक शक्ति बन्ने बताएको थियो । यसको अर्थ पहिलोपटक दुई विश्व आर्थिक महाशक्तिसँग जमिन जोडिएको एक्लो छिमेकीको हैसियत नेपालले पाउनेछ । यसले अमेरिका, भारत र चीनको सामरिक परिकलनमा नेपालको भूराजनीतिक स्थापनाको महत्त्व अझै बढाउनेछ । यसबाट प्राप्त हुने सामर्थ्यलाई राजनीतिक र कूटनीतिक सीपबाट सदुपयोग गरी नेपाल दक्षिण एसियाको शक्ति केन्द्र बन्न सक्छ, बन्नुपर्छ ।

प्रेरक प्रसंग

यो कस्तो गंगाजल ?

काशीका एका ब्राह्मण बडो कर्मकाण्डी थिए । कर्मकाण्डका विधिविधानमाथि उनको ठूलो विश्वास थियो । बिहानको समयमा पूजापाठ नगरी उनी कहिल्यै अन्न ग्रहण गर्दैनथे । यो क्रम निरन्तर चलिरहेकै थियो । बिस्तारै उनी वृद्धावस्थामा प्रवेश गरे । उनी निकै रोगी भए । रोगले थलिएपछि उनी क्रमशः अन्त्यनिकट पुगे । आफ्नो जीवनको अन्त्य नजिक आइपुगेको अनुभव भएपछि उनले सोचे, 'मर्नुअगाडि एक घुट्को गंगाजल त पिउनैपऱ्यो, यसले मैले जानी-नजानी गरेका सबै पाप पखालिनेछन् । साथै मोक्ष पनि प्राप्त हुनेछ र मेरो सीधै स्वर्गमा प्रवेश हुनेछ ।'



त्यसै क्रममा अचानक सन्त कविरदास घुम्दैघुम्दै ती ब्राह्मणको घरमा पुगे । ब्राह्मणको हालचाल सोधेर उनले उनको सेवा गर्ने इच्छा प्रकट गरे । कविरदासको सदिच्छाबाट ब्राह्मण द्रवीभूत भए । उनले भने, 'प्यारो छोरा, मलाई कसैको सेवाको आवश्यकता छैन । म अब धेरै बाँच्दा पनि बाँच्दिनँ । बस्, तिमीले मलाई एक लोटा गंगाजल ल्याइदेऊ । म मर्नुअगाडि गंगाजल ग्रहण गरेर पापमुक्त हुन चाहन्छु ।' कविरदास गएर आफ्नो लोटामा गंगाजल लिएर आए । यो देखेपछि ब्राह्मणले भने, 'तिमीलाई आफ्नो लोटामा गंगाजल ल्याउन कसले भन्यो ? जुलाहाको लोटाले गंगाजल ग्रहण गरेर म पापमुक्त हुन सक्दिनँ । उल्टो आफ्नो छँदाखाँदाको धर्म पनि भ्रष्ट हुनेछ ।' कविरदासले शान्त स्वरमा भने, 'पण्डितजी, जब गंगाजलले एउटा जुलाहाको लोटालाई पवित्र बनाउन सक्दैन भने त्यो गंगाजलबाट तपाईं आफूचाहिँ कसरी पापमुक्त हुन सक्नुहोला ?' सन्त कविरको यस प्रश्नले ब्राह्मण एक टक लगाएर उनको मुख हेर्न थाले । उनको आँखाबाट आँसु बग्न थाल्यो ।

टिप्पणी

nayapatrikaofficial
@naya_patrika

आशा जगाउने समाचार

'समृद्धिको उत्खनन' शीर्षकको समाचार पढ्दा खुसी लाग्यो । नेपालमा पेट्रोलियम पदार्थको भण्डार छ भन्ने लामो समयदेखि चर्चा हुँदै आएको हो । तर, उत्खनन प्रविधिको अभावमा त्यसबारे ठोस जानकारी प्राप्त हुन सकेको थिएन । तर, अब केही महिनाभित्रै त्यस्तो इन्धन नेपालमा छ या छैन र छ भने कति छ भन्नेबारे जानकारी पाइने आशालाग्दो समाचार पढ्दा जोकोहीलाई खुसी लाग्नु स्वाभाविक हो । अब आगामी उत्खननले नेपालमा पेट्रोलियम पदार्थको भण्डारण राम्रै परिमाणमा छ भन्ने देखियो भने त्यसको पूर्ण क्षमतामा उत्खनन गरेर प्रयोगमा ल्याउने काम गरियोस् ।

● **वन्दना बुर्लाकोटी**, कलंकी, काठमाडौं

अपराधको ट्रान्जिट बन्न नदेऊ

पछिल्लो समय नेपालमा विभिन्न विदेशी आपराधिक गिरोहबाट अनेक प्रकारका आपराधिक घटना भइरहेका समाचार आइरहेका छन् । यसले नेपाल अपराधीका लागि स्वर्ग बन्दै गएको देखाउँछ । देशको गृह प्रशासन चुस्त हुन नसक्दा अपराधीको चलखेल नेपालभित्र बढ्दै गएकोमा शंका छैन । यसलाई रोक्ने हो भने हाम्रो गृह-प्रशासनलाई सुदृढ नबनाई सुखै छैन । यसतर्फ गृह प्रशासनका अधिकारी, नेपाल प्रहरीलगायत जिम्मेवार निकायको गम्भीर र सकारात्मक पहलको खाँचो छ । देशलाई अपराधको ट्रान्जिट बन्न नदेऊ ।

● **गोविन्द तामाङ** दक्षिणढोका, काठमाडौं

लगानी जुटाउन पहल गर

सरकारले विदेशी लगानीकर्तालाई लक्षित गरी करिब आठ खर्ब ९१ अर्ब भन्दा बढी लगानीका विभिन्न २१ परियोजना तयार गरेको समाचार पढियो । परियोजनाको प्रारूप तयार हुनु मात्र ठुलो होइन । त्यसमा लगानीको स्रोत सुनिश्चित हुनु ठूलो हो । छिटै नेपालमा लगानी सम्मेलन आयोजना हुँदै छ । यसमा विभिन्न देशका लगानीकर्ताको उपस्थित हुनेछ । सम्मेलनमार्फत नेपालले यी परियोजनाका लागि आवश्यक लगानी जुटाउन कोसिस गर्नुपर्छ । उसले नेपाल लगानीका लागि सुरक्षित भएको विश्वास लगानीकर्तामा जगाउन सक्नुपर्छ ।

● **सुचित्रा केसी** पुल्चोक, ललितपुर

कता हराए भ्रष्टाचारीका फाइल ?

म जसरी भए पनि जनतासँग गरेका वाचा पूरा गर्छु, नसके सरकार छाड्छु भनेर गर्जेका गृहमन्त्री रवि लामिछानेको यात्रा कहाँ पुग्यो ? दोस्रोपटक गृह मन्त्रालयको कार्यभार सम्हालेका रविको यो परीक्षणको अवधि त्यत्तिकै खेर जाने हो कि भन्ने लाग्दै छ । भ्रष्टाचारीलाई कारबाही गर्छु भन्नु र कारबाही गरेर देखाउनु फरक विषय हो । कतै सेटिङ मिलाएर भ्रष्टाचारीलाई सफाइदिने प्रपञ्च त मिलाइँदै छैन भन्ने जनमानसमा आवाज उठ्दै छ ।

प्रधानमन्त्री प्रचण्डले भ्रष्टाचारीलाई कारबाही गर्न पूर्ण समर्थन जनाएको सुनिन्छ । तैपनि के कारणले भ्रष्टाचारीको फाइल अघि बढेको छैन त ? कतै हिजोको जस्तै फाइल खोल्ने अनि भ्रष्टाचारीलाई सफाइ दिने प्रपञ्च रचिँदै त छैन भन्ने आशंका उब्जेको छ । देशको अवस्था हामीलाई भन्दा बढी उनीहरूलाई नै थाहा होला । उनीहरूकै हातमा देशको साँचोताल्चा नै छ । जिम्मेवारी दिएपछि आफ्नो कर्तव्य पूरा गर्नुपऱ्यो । अर्कालाई आरोप लगाएजस्तो काम गर्न सजिलो हुँदैन । बाहिर बसेर कराउनु र भित्र गएर काम गर्नु फरक हो ।

गृहमन्त्रीलाई राम्रोसँग थाहा छ, कहाँ-कहाँ र कसरी-कसरी भ्रष्टाचार भएको छ । तर, त्यो सब जान्दाजान्दै पनि भ्रष्टाचारीलाई कारबाहीचाहिँ किन भएन भन्ने मात्र प्रश्न हो । तलदेखि माथिसम्मै नीतिगत भ्रष्टाचार मौलाएको छ । भ्रष्टाचारका कारण सरकारको बदनामी भएको छ । यो सब जान्दाजान्दै पनि गृहमन्त्री किन मौन छन् ?

● **पुरुषोत्तम घिमिरे**, जोरपाटी, काठमाडौं
ghimirepuru@gmail.com

लेखका लागि : opinion@nayapatrikadaily.com
टिप्पणीका लागि : comment@nayapatrikadaily.com

गाजामा देखिएको नैतिक पतन

लामो समयको क्रूरता र अतिक्रमणलाई अनुमति दिँदा कसरी विश्वव्यापी मानव अधिकार र अन्तर्राष्ट्रिय कानुनको चर्चा गर्न सक्छौं ?



देश / विदेश

● ग्रासा मसेल

गाजामा भइरहेको अथक घेराबन्दी मानवताका लागि अँध्यारो प्रतिबिम्ब हो । विगत ६ महिनामा करिब एक लाख प्यालेस्टिनी मारिएका वा घाइते तथा बेपत्ता भएका छन् । बहुसंख्यक निर्दोष नागरिकले ७ अक्टोबर २०२३ मा भएको हमासको आक्रमणका लागि कुनै जिम्मेवारी वहन गर्दैनन् । राष्ट्रसंघीय सुरक्षा परिषद्ले अन्ततः तत्काल युद्धविराम र हमासलाई तुरुन्तै बन्धक रिहा गर्न आह्वान गर्ने प्रस्ताव पारित गरेको छ । अब राष्ट्र संघका सबै सदस्य राष्ट्र विशेषतः इजरायलका राजनीतिक एवं सैन्य सहयोगी राष्ट्रले प्रस्तावलाई सकेसम्म चाँडो पूर्ण रूपमा कार्यान्वयन गर्ने सुनिश्चितता प्रदान गर्नुपर्छ ।

इजरायलको सैन्य हमलाबाट बाँचेका गाजावासी विस्थापन, भोक र रोगको घातक संयोजनलाई पर्खिन बाध्य छन् । इजरायलले गरेको मानवीय आपूर्ति, खाना र सफा पानीको नाकाबन्दीले गाजाको जीवनलाई कठिन बनाएको छ । सहायता एजेन्सीका अनुसार एनेस्थेसिस्टविना महिला सुत्केरी भइरहेका छन्, निर्जलन र कुपोषणका कारण बालबालिकाले ज्यान गुमाइरहेका छन् र सम्पूर्ण समुदाय रोगले ग्रस्त बनिरहेको छ । गाजामा कोही पनि नरसंहारबाट सुरक्षित नहुँदा त्यहाँ जनसांख्यिकीय स्तरमा विनाश भइरहेको छ ।

अहिले गाजाका जनतालाई मानसिक आघात एवं शोकले गाँजेको छ । १० लाखभन्दा बढी बालबालिकालाई मनोसामाजिक सहायताको अपरिहार्यता देखिन्छ । हालैको विध्वंसले १८ वर्षदेखिको गाजामा भएको नाकाबन्दीले दिएको पीडामाथि पीडा थपेको छ । यता वेस्ट बेंकमा प्यालेस्टिनी जनता नियमित रूपमा अतिक्रमणकारी बासिन्दाको उत्पीडन एवं विस्थापन र मनोमानी गिरफ्तारी व्यहोरिरहेका छन् । त्यसैगरी अन्तर्राष्ट्रिय मानवीय कानुन बर्खिलाप हमासले सयभन्दा बढी इजरायलीलाई बन्धक बनाएको छ र त्यसमाथि ७ अक्टोबरमा मारिएका आमइजरायलीका परिवार शोकमा छन् ।

इजरायलले निकट साझेदारको चेतावनीलाई अवज्ञा गर्दै ६० हजार बालबालिकासहित १५ लाख मानिस शरणमा रहेको रफाहमा हमला गरे निकृष्ट परिस्थिति निम्तिनेछ । त्यहाँ पूर्णस्तरको सैन्य हमलालाई कुनै पनि हालतमा रोक्नुपर्छ । बालबालिकामा सशस्त्र द्वन्द्वको प्रभावबारे सन् १९९६ को राष्ट्र संघको प्रतिवेदन लेख्ने व्यक्तिका रूपमा मैले शरणार्थी शिविरमा रहेका प्यालेस्टिनीलाई उनीहरूको पीडा समाप्त हुने वाचा गरेकी थिएँ । अफसोस, हामी त्यो वाचा पूरा गर्न असफल मात्र भएका छैनौं, हामीले प्यालेस्टाइनी बालबालिकाका लागि थप शत्रुतापूर्ण संसार पनि सिर्जना गरेका छौं । यो असफलताले मलाई जहिल्यै पिरोलिरहन्छ ।

मेरा दिवंगत श्रीमान् नेल्सन मन्डेला र अन्य विश्व नेताले स्थापना गरेको द एल्डर्सको सदस्यका नाताले मैले केही लेख्नैपर्छ । मन्डेलाले प्यालेस्टिनी मुक्तिलाई न्यायपूर्ण र स्वतन्त्र संसार प्राप्तिका लागि अभिन्न अंगको रूपमा मान्यता दिँदै विश्वभर शान्ति, न्याय र मानवअधिकारको पैरवी गर्ने जनादेश दिएका थिए । लामो समयको क्रूरता र अतिक्रमणलाई अनुमति दिँदा हामी कसरी विश्वव्यापी मानवअधिकार र अन्तर्राष्ट्रिय कानुनमाथि बहस गर्न सक्छौं ?

गाजामा नरसंहार रोक्न नैतिक साहसको कमीबीच म इजरायलविरुद्ध अन्तर्राष्ट्रिय अदालतमा नरसंहार महासन्धिको उल्लंघन गरेकामा उजुरी दर्ता गर्ने दक्षिण अफ्रिकाको नेतृत्वको प्रशंसा गर्छु । अन्तर्राष्ट्रिय न्यायालयको २६ जनवरी र २८ मार्चमा भएका निर्णयले गाजामा भएको अत्याचारको स्पष्ट रूपमा निन्दा गर्छ र निर्दोष प्यालेस्टिनीको सुरक्षा गर्न इजरायललाई आवश्यक कदम चाल्न आदेश दिएको छ र यसले ठूलो मात्रामा निर्बाध मानवीय सहायता पनि सुनिश्चित गर्छ ।


तस्बिर : एएफपी

इजरायल र यसलाई सैन्य एवं आर्थिक सहायता प्रदान गर्ने देशले अदालतको निष्कर्षलाई ध्यान दिनुपर्छ र अन्तर्राष्ट्रिय कानुनअन्तर्गत आफ्ना दायित्व पालना गर्नुपर्छ । र, यो ठूलो पीडामा हामी असहाय छैनौं । एउटै मानव परिवारको सदस्यका हाम्रो आफ्नै प्रभाव वृत्तमा यी अन्यायविरुद्ध बोल्नु हाम्रो नैतिक कर्तव्य हो । हामी आफ्नो व्यक्तिगत र सामुदायिक सक्रियतामार्फत सामर्थ्य जुटाउन सक्छौं ।

हामीले गाजामा जीवन जोगाउने सहायताको अत्यधिक आवश्यकता पूरा गर्न थप मानवीय भूमिमार्ग खोल्न तुरुन्तै माग गर्नुपर्छ । सहायता वितरणका लागि सुरक्षा निरन्तर सुनिश्चित गरिनुपर्छ । एयर ड्रप र प्रस्तावित समुद्री कोरिडोर अपर्याप्त छन् र इजरायलले गाजाका नागरिकलाई उपेक्षा गर्न पाउँदैन ।

दोस्रो, विश्व नेताले इजरायललाई अन्तर्राष्ट्रिय कानुनको उल्लंघन बन्द गर्न र अन्तर्राष्ट्रिय न्यायालयको आदेशको पालना गर्न बाध्य पार्न सैन्य र आर्थिक लाभ प्रयोग गर्नुपर्छ । इजरायललाई सैन्य सहायता प्रदान गर्ने राष्ट्रले समीक्षा गर्नुपर्छ र भविष्यको प्रावधानका लागि नयाँ सर्त तय गर्नुपर्छ । निरन्तर हतियार आपूर्ति गर्नेले नरसंहारलाई सम्भव बनाउँछन् र ती युद्ध अपराधमा संलग्न ठहरिन्छन् ।

तेस्रो, निर्णयकर्ताले प्यालेस्टिनी शरणार्थीका लागि राष्ट्रसंघीय राहत एजेन्सीलाई पूर्ण आर्थिक र राजनीतिक समर्थन गर्नुपर्छ । ७ अक्टोबरमा भएको आक्रमणमा इजरायलले कर्मचारीको संलग्नताको आरोप लगाएपछि दाताले राहत एजेन्सीका लागि दिइने रकम हतारमा रोकेका छन् । यो अपरिपक्व र असमान प्रतिक्रियाले अब लाखौं प्यालेस्टिनी शरणार्थीको अधिकार र कल्याणलाई खतरामा पार्छ । राहत एजेन्सीलाई भत्काउने इजरायली सरकारको नियत स्पष्ट छ । के हामी यसलाई यो द्वन्द्वको अर्को क्षति भनेर मान्न सक्छौं ?

परिस्थितिले न्यायपूर्ण र स्थायी शान्तिका लागि प्रतिबद्ध देशको बृहत्तर गठबन्धनबाट ठोस कदम चाल्न आह्वान गर्छ । यो शान्तिले इजरायली र प्यालेस्टिनीलाई पारस्परिक सम्मान, आत्मनिर्णय, मर्यादा र सुरक्षाको अवस्थामा सहअस्तित्वमा रहन सक्षम बनाउनुपर्छ । यदि हामीले प्यालेस्टिनी र इजरायलीको जीवन एवं सुरक्षा समान मूल्यवान् छ भनी पहिचान गर्न असफल भयौं भने हामी निर्दोष बालबालिकालाई आगामी पुस्तासम्मका लागि बेवास्ता गरिरहनेछौं ।

(मसेल द एल्डर्सका उपाध्यक्ष हुन्)
प्रोजेक्ट सिन्डिकेटबाट

नेपाल सरकार

गृह मन्त्रालय

जिल्ला प्रशासन कार्यालय

सिन्धुली

जग्गा प्राप्ति सम्बन्धी सूचना

प्रथम पटक प्रकाशित मिति : २०८०/१२/२५

नेपाल सरकार मन्त्रीपरिषदको मिति २०८०/१०/१३ गतेको निर्णय अनुसार नयाँ शहर आयोजना कार्यालय खुर्कोट, सिन्धुलीद्वारा संचालित खुर्कोट जग्गा एकीकरण आयोजना क्षेत्र भित्र पर्ने हाल गोलन्जोर गाउँपालिका वडा नं ७ सिन्धुली साविक भिमेश्वर खुर्कोट गा.वि.स. वडा नं-२/क, ३/क, ४/क, ५घ अन्तर्गत पर्ने तपशिलमा लेखिएका कित्ता जग्गाहरु जग्गा एकीकरण आयोजना संचालन गर्न नगर विकास ऐन, २०४५ दफाको उपदफा १२.१.२ प्रयोजनको लागि जग्गा प्राप्ति ऐन २०३४ को दफा ३ अनुसार जग्गा प्राप्त गरिने हुदाँ सम्बन्धित सरोकारवाला जग्गाधनीहरुले यो सूचना प्रकाशित भएको मितिले १५ दिन भित्र आफ्नो हक दैया सम्बन्धी प्रमाणहरु लिई आयोजना संचालन गर्ने कार्यालय नयाँ शहर आयोजना कार्यालय खुर्कोट, सिन्धुलीमा सम्पर्क राख्नुहुन यो सूचना प्रकाशित गरिएको छ ।

तपशिल

खुर्कोट जग्गा एकिकरण आयोजना सिन्धुली गोलन्जोर गाउँपालिका वडा नं ७
सावित भिमेश्वर खुर्कोट गाविस वडा नं-२/क अन्तर्गत पर्ने कित्ता जग्गाहरू

सि.नं	कि.न.	क्षेत्रफल				सि.नं	कि.न.	क्षेत्रफल				सि.नं	कि.न.	क्षेत्रफल			
		रो	आ	पै	दा			रो	आ	पै	दा			रो	आ	पै	दा
१	२	५	८	३	०	३८	१८२	०	८	०	०	७५	३३०	२	३	१	३
२	४३	५	१५	०	०	३९	१८६	२	८	०	०	७६	३३१	०	१२	०	०
३	४५	१	३	२	०	४०	२०१	०	१५	३	१	७७	३४०	०	१०	२	३
४	४६	४	७	३	०	४१	२१६	०	०	१	१	७८	३४६	०	१	२	०
५	४८	४	१२	३	०	४२	२१७	०	४	१	३	७९	३४७	०	३	१	३
६	५१	२	१५	२	०	४३	२२१	०	१	०	०	८०	३५३	०	६	२	२
७	५२	७	१३	१	०	४४	२४०	०	२	१	२	८१	३६९	०	३	१	२
८	५४	४	१२	०	०	४५	२४४	०	२	२	०	८२	३७६	०	३	०	१
९	७६	१	१३	३	०	४६	२४९	०	३	०	०	८३	३७७	०	०	१	१
१०	८५	०	१४	०	०	४७	२५०	१	४	३	३	८४	३७९	०	३	३	०
११	८६	२	८	२	०	४८	२६४	२	८	०	०	८५	३८१	०	४	२	०
१२	८७	०	६	०	०	४९	२६५	३	१४	१	०	८६	३८३	०	५	२	३
१३	८८	०	५	०	०	५०	२८२	१	०	०	०	८७	३८४	०	३	०	०
१४	८९	०	१२	२	०	५१	२८३	१	१	०	०	८८	३८५	०	३	१	३
१५	९९	०	७	३	०	५२	२८६	२	४	२	०	८९	३९१	०	५	१	२
१६	१०२	६	०	२	०	५३	२९१	१	१४	०	२	९०	३९६	०	३	०	२
१७	१०४	२	१५	०	०	५४	२९२	०	४	०	०	९१	३९७	०	३	०	२
१८	१०७	०	१२	०	०	५५	२९३	०	४	०	०	९२	४००	०	५	०	०
१९	१०८	८	१४	३	०	५६	२९४	०	८	०	०	९३	४०१	०	६	०	०
२०	११०	५	५	२	०	५७	३०१	०	०	२	२	९४	४२४	५	४	०	०
२१	११३	३	११	२	०	५८	३०२	०	३	१	०	९५	४२५	५	४	२	०
२२	११५	२	११	२	०	५९	३०३	०	३	२	०	९६	४२६	०	१	०	२
२३	११६	१	९	१	०	६०	३०७	३	६	३	२	९७	४२७	०	१	०	०
२४	१२१	२	४	१	०	६१	३०८	०	८	२	२	९८	४८८	०	११	१	२
२५	१२२	१	०	०	०	६२	३०९	४	१	१	३	९९	४८९	०	११	१	१
२६	१२४	६	१३	२	०	६३	३१०	१९	१४	१	१	१००	५००	०	१	१	२
२७	१२५	४	०	०	०	६४	३११	१	१२	१	१	१०१	५०१	०	१	१	२
२८	१२८	१	७	२	०	६५	३१२	४	५	२	०	१०२	५०२	०	१	१	१
२९	१३३	२	०	०	०	६६	३२०	०	२	२	०	१०३	५०५	१	०	०	०
३०	१३४	०	४	०	०	६७	३२१	०	२	२	०	१०४	५०६	३	५	२	०
३१	१३५	१	११	१	०	६८	३२२	०	२	२	०	१०५	५०७	१	०	०	०
३२	१४०	०	११	२	०	६९	३२३	०	२	०	०	१०६	५०८	४	११	१	०
३३	१४१	२	१३	१	०	७०	३२५	०	४	०	०	१०७	५११	०	५	२	२
३४	१७५	१	०	०	०	७१	३२६	०	४	०	०	१०८	५१२	०	५	२	३
३५	१७६	२	०	०	०	७२	३२७	०	४	०	०	१०९	५२९	०	१५	०	१
३६	१७७	३	३	२	०	७३	३२८	०	८	०	०						
३७	१८१	५	२	०	०	७४	३२९	०	९	३	०						

गोलन्जोर गाउँपालिका वडा नं -७, सिन्धुली
सावित, भिमेश्वर खुर्कोट गा.वि.स. वडा नं ३/क अन्तर्गत पर्ने कित्ता जग्गाहरू

सि.नं	कि.न.	क्षेत्रफल				सि.नं	कि.न.	क्षेत्रफल				सि.नं	कि.न.	क्षेत्रफल			
		रो	आ	पै	दा			रो	आ	पै	दा			रो	आ	पै	दा
१	४	२	०	३	०	५८	१२५	२	०	०	०	११५	२१८	०	१२	०	०
२	५	१	१४	२	०	५९	१२७	१	११	१	०	११६	२१९	०	१२	०	०
३	६	२	२	०	०	६०	१२९	१	१०	१	३	११७	२२०	०	१५	०	०
४	७	१	११	०	०	६१	१३०	१	०	०	०	११८	२२१	०	५	०	०
५	८	०	६	२	०	६२	१३३	२	०	०	०	११९	२२२	०	११	०	०
६	९	१	१३	२	०	६३	१३४	२	१	०	०	१२०	२२५	०	५	२	०
७	१०	२	०	२	०	६४	१३९	१	०	०	०	१२१	२२६	२	०	१	०
८	११	२	९	०	०	६५	१४०	१	२	१	०	१२२	२२७	०	१	०	१
९	१२	२	१०	१	०	६६	१४२	१	८	०	०	१२३	२२८	४	४	०	३
१०	१३	२	२	०	०	६७	१४३	०	४	०	०	१२४	२३२	०	२	०	०
११	१४	५	११	२	०	६८	१४८	०	८	०	०	१२५	२३३	०	४	१	२
१२	१५	१	१२	२	०	६९	१४९	०	३	२	०	१२६	२३४	०	१	३	१
१३	१६	३	९	०	०	७०	१५२	०	१३	०	०	१२७	२३५	०	२	३	१
१४	१८	३	११	३	०	७१	१५३	०	४	०	०	१२८	२३६	०	२	२	०
१५	२०	२	१५	३	०	७२	१५६	०	१४	३	०	१२९	२३७	०	३	०	२
१६	२१	१	१४	१	०	७३	१५७	१	१२	०	०	१३०	२३८	०	२	२	३
१७	२२	२	२	२	०	७४	१५८	१	१२	१	२	१३१	२३९	०	१	२	३
१८	२४	२	१०	२	०	७५	१५९	०	१	०	०	१३२	२४०	०	०	१	१
१९	२९	१	१५	२	०	७६	१६०	०	३	०	०	१३३	२४१	०	६	२	३
२०	३०	१	१४	१	०	७७	१६१	०	३	०	०	१३४	२४२	०	०	०	३
२१	३१	७	१०	१	०	७८	१६२	०	३	०	०	१३५	२४३	०	३	३	१
२२	३२	१४	१४	२	०	७९	१६३	१	६	०	०	१३६	२४५	१	१३	२	३
२३	३३	२	५	०	०	८०	१६६	२	१	०	२	१३७	२५५	२	१४	२	०
२४	३४	१	१	२	०	८१	१६७	२	१	०	२	१३८	२६०	०	२	०	०
२५	३८	२	४	२	०	८२	१७१	२	४	०	०	१३९	२६१	०	२	०	०
२६	३९	३	०	३	०	८३	१७२	१	४	०	०	१४०	२६२	०	२	०	०

२७	४१	२	१४	२	०	८४	१७३	१	०	०	०	१४१	२६३	०	२	०	०
२८	४४	१	१४	०	०	८५	१७७	१	१४	०	०	१४२	२६४	०	२	०	०
२९	४६	२	०	०	०	८६	१७८	१	१४	०	०	१४३	२७४	२	५	१	२
३०	५०	१	१३	१	०	८७	१७९	१	१४	३	०	१४४	२७५	२	६	०	०
३१	५३	०	१३	३	०	८८	१८०	०	५	२	०	१४५	२७९	०	२	०	०
३२	६६	१४	९	१	०	८९	१८१	०	५	२	०	१४६	२८०	०	२	०	०
३३	६९	११	१	१	०	९०	१८२	०	५	२	०	१४७	२८१	०	२	०	०
३४	७५	०	१५	२	०	९१	१८३	०	५	०	०	१४८	२८२	०	१३	२	०
३५	७६	७	५	०	०	९२	१८४	०	५	०	०	१४९	२८३	०	१३	२	०
३६	७७	१	३	३	०	९३	१८५	०	५	०	०	१५०	२८६	०	९	३	०
३७	७८	१	४	३	०	९४	१८६	०	१०	०	०	१५१	२८८	३	२	०	०
३८	८१	०	१०	३	०	९५	१८७	०	१०	०	०	१५२	२९१	२	१४	२	०
३९	८२	१	८	२	०	९६	१८८	०	१०	१	२	१५३	२९४	१	०	०	०
४०	८३	२	२	०	०	९७	१८९	२	२	०	०	१५४	३००	१	९	०	२
४१	८५	०	६	१	०	९८	१९०	१	०	०	०	१५५	३०१	१	९	०	२
४२	८६	०	१०	०	०	९९	१९१	१	०	२	०	१५६	३०२	१	९	०	२
४३	८७	०	८	०	०	१००	१९४	०	४	०	०	१५७	३०३	२	५	०	०
४४	८८	०	७	०	०	१०१	१९५	०	४	०	०	१५८	३०६	१	१०	१	०
४५	९०	१	३	०	०	१०२	१९६	०	७	३	०	१५९	३१९	०	१४	०	१
४६	९१	१	६	३	०	१०३	१९७	०	१०	०	०	१६०	३२४	०	१३	२	०
४७	९२	१	५	१	०	१०४	१९८	०	९	३	०	१६१	३२५	०	१	३	२
४८	१०६	१९	२	२	०	१०५	२०१	०	६	०	०	१६२	३२६	६	६	२	२
४९	१०७	१	१	०	०	१०६	२०२	०	६	०	०	१६३	३३१	२	१४	२	०
५०	१०९	२	१	०	०	१०७	२०३	०	४	२	०	१६४	३३२	२	०	०	०
५१	११०	०	६	२	०	१०८	२०४	०	८	०	०	१६५	३४०	१	८	२	०
५२	११३	१०	५	२	३	१०९	२०५	०	८	०	०	१६६	३४१	२	१०	२	०
५३	११४	१	११	०	१	११०	२०६	४	७	१	०	१६७	३५३	१	१२	०	०
५४	११७	०	१३	२	२	१११	२०७	४	७	१	०	१६८	३६१	१	५	०	०
५५	११८	०	१३	२	२	११२	२०८	१	२	१	१	१६९	३६२	१	५	०	०
५६	११९	१	८	०	०	११३	२०९	१	२	१	२	१७०	२२२२ (१७६)	१	११	१	१
५७	१२०	३	४	१	०	११४	२१७	०	१२	०	०						

गोलन्जोर गाउँपालिका वडा नं -७, सिन्धुली
सावित, भिमेश्वर खुर्कोट गा.वि.स. वडा नं ४/क अन्तर्गत पर्ने कित्ता जग्गाहरू

सि.नं	कि.न.	क्षेत्रफल				सि.नं	कि.न.	क्षेत्रफल				सि.नं	कि.न.	क्षेत्रफल			
		रो	आ	पै	दा			रो	आ	पै	दा			रो	आ	पै	दा
१	९	१	१२	२	०	२२	३७	२	१२	०	०	४४	१३९	४	४	०	०
२	१५	२	४	०	०	२३	३८	१	३	०	०	४५	१४०	४	५	०	०
३	१६	२	१४	१	०	२४	३९	३	११	२	०	४६	१४१	४	५	०	०
४	१७	२	९	१	०	२५	४१	१	१२	२	०	४७	१६२	२	०	०	०
५	१८	१	८	०	०	२६	४२	०	६	०	०	४८	१६३	१	०	०	०
६	१९	५	५	१	०	२७	४३	०	१३	१	०	४९	१६४	१	०	०	०
७	२०	२	१३	१	०	२८	४४	१	१	३	०	५०	१६५	०	५	२	०
८	२१	२	१५	२	०	२९	४५	०	२	०	०	५१	१७१	१	८	०	०
	२२	१	१	३	०	३०	४६	०	१५	३	०	५१	१७२	१	११	१	०
९	२३	०	८	२	०	३१	४९	३	१२	३	०	५२	१७३	०	१०	०	०
१०	२४	३	८	३	०	३२	५२	३	९	१	०	५३	१७४	१	९	१	०
११	२५	४	२	३	०	३३	५४	३	१३	०	०	५४	२०७	२	२	२	१
१२	२६	०	६	०	०	३४	६३	११	१	२	०	५५	२०९	०	१४	३	०
१३	२७	०	१०	१	०	३५	७८	२९	१४	१	०	५६	२२०	०	६	०	०
१४	२८	०	२	१	०	३६	११३	२	२	२	०	५७	२२२	१	३	०	०
१५	२९	४	६	०	०	३७	११५	२	२	३	०	५८	२२३	०	६	२	०
१६	३०	५	२	३	०	३८	१२४	०	९	२	०	५९	२२४	०	१	०	०
१७	३१	३	१	३	०	३९	१२५	०	१२	२	०	६०	३३७	०	१	०	०
१८	३२	५	१०	०	०	४०	१२६	०	१२	२	०	६१	४६६	१	६	३	०
१९	३३	२	६	१	०	४१	१२७	०	१३	२	०	६२	४६७	१	०	०	०
२०	३५	२	७	१	०	४२	१२८	०	१०	२	०						
२१	३६	२	३	३	०	४३	१२९	०	१०	२	०						

गोलन्जोर गाउँपालिका वडा नं -७, सिन्धुली
सावित, भिमेश्वर खुर्कोट गा.वि.स. वडा नं ५/घ अन्तर्गत पर्ने कित्ता जग्गाहरू

सि.नं	कि.न.	क्षेत्रफल				सि.नं	कि.न.	क्षेत्रफल				सि.नं	कि.न.	क्षेत्रफल			
		रो	आ	पै	दा			रो	आ	पै	दा			रो	आ	पै	दा
१	१०१	०	८	१	०	१०	१३४	०	१५	२	०	१९	२२२	५	४	०	०
२	१०२	१	५	०	०	११	१३५	१	३	१	०	२०	२४८	१	८	०	०
३	१०३	१	११	२	०	१२	१३६	५	१०	१	०	२१	२४९	१	८	०	०
४	१०५	५	१	२	०	१३	१३७	२	३	३	०	२२	२५०	२	४	०	०
५	१२९	४	१	१	०	१४	१३८	०	७	२	०	२३	२७७	३	७	१	०
६	१३०	५	८	१	०	१५	१४७	१	०	०	०	२४	३६२	१	०	०	०
७	१३१	०	४	१	०	१६	१४९	१	०	०	०	२५	३६३	२	०	०	०
८	१३२	१०	१०	२	०	१७	१५०	१	१	२	०						
९	१३३	३	०	२	०	१८	२२१	५	४	०	१						

अर्थ पत्रिका
नयाँ पत्रिका
आइतबार २५ चैत ०८०

स्थानीय तहको निक्षेप फिर्ता हुँदा कुन बैंकलाई कस्तो असर ?

निक्षेपबाट स्थानीय तहको ९७ अर्ब ११ करोड घटाउँदा बैंक तथा वित्तीय संस्थाहरूको कर्जा-निक्षेप अनुपात ७९.८९ बाट बढेर ८१.३० पुग्ने देखिन्छ

पवन तिमिल्सिना/नयाँ पत्रिका

पुस मसान्तमा बैंक तथा वित्तीय संस्थाहरूमा स्थानीय तहको रकम निक्षेपका रूपमा ९७ अर्ब ११ करोड ५८ लाख गणना भएको थियो । स्ट्यान्डर्ड चार्टर्ड बैंकबाहेक १९ वाणिज्य बैंकहरूमा रहेको यस्तो निक्षेप न्यूनतम ७३ करोड ४७ लाखदेखि अधिकतम २३ अर्ब ८९ करोडसम्म थियो । पुस मसान्तसम्म बैंकहरूको कर्जा निक्षेप अनुपात (सिडी रेसियो) ७९.८९ प्रतिशत रहेको राष्ट्र बैंकको तथ्यांक छ । चालू आर्थिक वर्षको असार मसान्तमा बैंकहरूको कर्जा निक्षेप अनुपात ८१.६६ प्रतिशत थियो । बैंक तथा वित्तीय संस्थाहरूसँग रहेको लगानीयोग्य रकमको मापन गर्ने यो अनुपातले संस्थाहरूको तरल सम्पत्तिसमेत बढाएको देखाएको छ । गत मंगलबारबाट अर्थ मन्त्रालयले राष्ट्र बैंकमार्फत बैंकहरूलाई स्थानीय तहको ६० प्रतिशत रकम निक्षेपमा गणना गर्न दिने व्यवस्था हटाएको छ । यो व्यवस्थासँगै बैंक तथा वित्तीय संस्थाबाट झन्डै एक खर्बको निक्षेप घटेको छ । ६२ खर्ब रुपैयाँभन्दा बढी कायम भएको निक्षेप संकलन घटेर मंगलबार एकैपटक ६१ खर्ब सात अर्बमा सीमित भएको केन्द्रीय बैंकको तथ्यांक छ । यो व्यवस्थालाई खारेज गर्दा १९ वटा वाणिज्य बैंकहरूमा मिश्रित असर परेको छ ।

०८० पुस मसान्तमा बैंक तथा वित्तीय संस्थाहरूको कर्जा-निक्षेप अनुपात ७९.८९ थियो । निक्षेपबाट स्थानीय तहको ९७ अर्ब ११ करोड ५८ लाख घटाउँदा बैंक तथा वित्तीय संस्थाहरूको कर्जा-निक्षेप अनुपात ८१.३० पुग्ने देखिन्छ । यो अनुपात राष्ट्र बैंकले तोकेको ९० प्रतिशतको सीमाभन्दा कम रहेकाले तत्काल बैंकिङ प्रणालीमा असर नपर्ने देखिन्छ ।

यद्यपि, एनआइसी एसिया तथा सरकारी स्वामित्वका तीनवटा बैंकहरू कृषि विकास बैंक, राष्ट्रिय वाणिज्य बैंक तथा नेपाल बैंक लिमिटेडलाई भने प्रभाव पर्ने देखिन्छ । पुससम्म एनआइसी एसियाले सबैभन्दा बढी स्थानीय तहको निक्षेप २३ अर्ब ८९ करोड संकलन गरेको थियो । जसकारण यो बैंकको कर्जा-निक्षेप अनुपात ७७.१८ प्रतिशत पुगेको थियो । तर, स्थानीय तहको निक्षेप फिर्ता हुँदा यो बैंकको यस्तो अनुपात ८२.१९ प्रतिशत पुग्ने देखिन्छ । स्थानीय तहको निक्षेप परिचालन गर्ने दोस्रोमा राष्ट्रिय वाणिज्य बैंकले १६ अर्ब १७ करोड गणना गरेको थियो । जसले उसको कर्जा-निक्षेप अनुपात ७५.६१ प्रतिशत कायम भएको थियो । स्थानीय निक्षेपबाहेक उसको यस्तो अनुपात ७९.३९ प्रतिशत छ । त्यस्तै, १२ अर्ब ४६ करोडको स्थानीय सरकारको पैसा निक्षेपमा गणना भएको नेपाल बैंकमा कर्जा-निक्षेप अनुपात ७२.६२ प्रतिशत थियो । तर, स्थानीय तहको पैसा फिर्ता हुँदा यस्तो अनुपात ७६.२५ प्रतिशत कायम भएको छ । स्थानीय तहको मौज्दातबाट कृषि विकास बैंकले फागुनसम्म सात अर्ब ३४ करोड ५७ लाख गणना गरेको थियो ।

चालू आवको पुस मसान्तसम्म स्थानीय तहको निक्षेप गणना हुँदा र नहुँदाको अवस्था

बैंक	स्थानीय तहको पैसा निक्षेपमा गणना भएको रकम	स्थानीय निक्षेप हुँदाको सिडी रेसियो	स्थानीय निक्षेप नहुँदाको सिडी रेसियो
एनआइसी एसिया	२३ अर्ब ८९ करोड २५ लाख	७७.१८	८२.१९
राष्ट्रिय वाणिज्य	१६ अर्ब १७ करोड २० लाख	७५.६१	७९.३९
नेपाल	१२ अर्ब ४६ करोड १३ लाख	७२.६२	७६.२५
कृषि विकास	७ अर्ब ३१ करोड ७५ लाख	७६.५५	७८.८४
ग्लोबल आइएमई	५ अर्ब ४२ करोड ९७ लाख	८०.५	८१.४२
प्रभु बैंक	४ अर्ब ९९ करोड ३ लाख	८१.९	८३.३२
नेपाल इनभेष्टमेन्ट मेगा बैंक	४ अर्ब २३ करोड ३४ लाख	८०.८२	८१.६७
कुमारी	२ अर्ब ८५ करोड ४३ लाख	८४.३६	८५.०६
नबिल	२ अर्ब ८४ करोड ७० लाख	८५.२३	८५.७८
लक्ष्मी सनराइज	२ अर्ब ७८ करोड ७९ लाख	७८.४७	७९.१४
हिमालयन	२ अर्ब ५४ करोड ७ लाख	८०.८६	८१.५३
एनएमबि	२ अर्ब ३० करोड ७९ लाख	७७.४७	७८.१७
माछापुच्छ्रे	१ अर्ब ८१ करोड ६५ लाख	८१.१४	८२.०५
सिटिजन्स इन्टरनेसनल	१ अर्ब ६० करोड ६१ लाख	८४.५४	८५.३
सिद्धार्थ	१ अर्ब ५६ करोड ६६ लाख	८१.७७	८२.३
सानिमा	१ अर्ब ५० करोड १७ लाख	८०.०९	८०.७१
प्राइम कमर्सियल	१ अर्ब १३ करोड १९ लाख	८२.८४	८३.२७
नेपाल एसबिआई	९२ करोड ३२ लाख	७३.८४	७४.२४
एभरेष्ट	७३ करोड ४७ लाख	८०.९४	८१.२१

स्रोत : नेपाल राष्ट्र बैंक

■ स्थानीय सरकारको पैसा निक्षेपमा चलाउन बैंकरको लबिङ

साधारण निक्षेप परिचालन गर्न नसकेर अधिक तरलता व्यहोरिरहेका बैंकहरू स्थानीय सरकारको ढुकुटीको पैसा निक्षेप मानेर ऋणमा लगाउन पाउनुपर्ने लबिङमा लागेका छन् । नेपाल बैंकर्स संघले सरकारको यो



निर्णयले बैंक तथा वित्तीय संस्थाहरू समस्यामा पर्ने बताएको छ । संघका अध्यक्ष एवं एनएमबि बैंकका प्रमुख कार्यकारी अधिकृत सुनील केसीले विगतमा अर्थ मन्त्रालय र बैंकरबीच विकटमा शाखा खोल्ने बैंकहरूलाई स्थानीय तहको सञ्चित कोषको मौज्दात रकम निक्षेपमा गणना गर्न दिने समझदारी भएको बताए । उनले भने, 'सरकारले निक्षेप चैतभरि राख्ने भनेको थियो । तर, केही दिनअगाडि नै झिकिएको छ । सात सय ५२ स्थानीय तहमा बैंकहरूले शाखा विस्तार गरिसके । व्यापार-व्यवसाय नै नहुने विकट गाउँमा कारोबार गर्दा लागत बढ्ने भएकाले यसको भर्पाईको विषयमा हामी अर्थ मन्त्रालयसँग छलफल गर्छौं । यो व्यवस्थालाई निरन्तरता दिनैपर्छ ।' मंगलबार बैंक तथा वित्तीय संस्थाको लगानीयोग्य पुँजी रकम चार खर्ब ९४ अर्ब छ । वाणिज्य बैंकहरूको मात्रै निक्षेप संकलन ५३ खर्ब ९६ अर्ब छ भने कर्जा प्रवाह ४५ खर्ब छ ।



● **सुनील केसी**
अध्यक्ष
नेपाल बैंकर्स संघ

■ विकट गाउँमा शाखा चलाउन गाह्रो हुन्छ

तरलताको अवस्थाअनुसार यो निर्णय ठीकै हो । तर, हामीलाई चैत महिनाभरि कायम राख्ने आश्वासन दिइएको थियो । केही दिनअगाडि झिकिएको छ । नेपालको सात सय ५३ मध्ये सात सय ५२ मा शाखा विस्तार गरिसकेका छौं । शाखा खोल्दा सरकार र हामीबीच एउटा समझदारी थियो, व्यापार-व्यवसाय नहुने विकट स्थानमा पनि शाखा खोल्ने । संघीयता कार्यान्वयनका लागि बैंकिङ क्षेत्रको यो योगदान थियो । विकटमा शाखा खोल्ने बैंकलाई सहयोग दिने समझदारीमध्ये यो पनि एउटा थियो । शाखा चलाउनै गाह्रो हुने ठाउँ छन् । त्यस्तो ठाउँमा कारोबार गर्दाको लागत बढी हुन्छ । यसमा अर्थ मन्त्रालयले हेरिदिनुपर्ने हुन्छ । पहिले-पहिले यस्तो काम सरकारी बैंकहरूबाट मात्रै हुन्थ्यो । त्यसैले सरकारले यसलाई निरन्तरता दिनुपर्छ भन्ने हाम्रो बुझाइ हो ।

■ स्थानीय तहको पैसा निक्षेप गणना गर्दा अर्थले देखेका बेफाइदा

अर्थ मन्त्रालयले स्थानीय तहको सञ्चित कोषको मौज्दात रकम निक्षेपमा गणना गर्दा हुने फाइदा-बेफाइदाको विषयमा अध्ययन गर्न सहसचिव बाबुराम सुवेदीको संयोजकत्वमा कार्यदल गठन गरेको थियो ।

जसमा सहमहालेखा नियन्त्रक थानप्रसाद पंगेनी, राष्ट्र बैंकका निर्देशक सत्येन्द्र तिमिल्सिना, सहसचिव भूपाल बराल र उपसचिव सुशीलकुमार शर्मा नेपाल सदस्य थिए । यो कार्यदलले बैंकिङ प्रणालीमा अधिक तरलताको अवस्था सिर्जना भएको र यसले वित्तीय प्रणालीको स्वस्थ तथा प्रतिस्पर्धी सञ्चालन प्रक्रियामा असर पार्ने निष्कर्ष निकालेको थियो । यो व्यवस्थाबाट सीमित बैंकहरूले मात्रै विनालागत नगद प्रवाहको फाइदा लिन सक्ने अवस्था देखिएको पनि अध्ययले औंल्याइएको छ । त्यसबाहेक राष्ट्र बैंकले बढी मात्रामा तरलता प्रशोचन गर्दा मौद्रिक नीति कार्यान्वयनमै असर पुग्ने अध्ययनको निष्कर्ष छ । तरलता प्रशोधन गर्दा लागतसमेत बढ्ने उल्लेख छ ।

अर्थको कार्यदलले औंल्याएका पाँच बेफाइदा

- अधिक तरलता
- वित्तीय प्रणालीको स्वस्थ तथा प्रतिस्पर्धी सञ्चालनमा असर
- केही बैंकहरूले मात्रै विनालागत नगद प्रवाहको फाइदा लिन सक्ने
- मौद्रिक नीतिको कार्यान्वयनमा असर गरी बढी मात्रामा तरलता प्रशोचन गर्नुपर्ने
- तरलता प्रशोचन गर्दाको लागत बढ्ने

२७ साउन ०७७ मा सरकारले राष्ट्र बैंकबाट अधिविकर्ष (ओभरड्राफ्ट ऋण) लिने सम्बन्धमा अर्थ मन्त्रालय र राष्ट्र बैंकबीच सम्झौता भएको थियो । सम्झौतामा भनिएको छ, 'बैंकमा (राष्ट्र बैंक) भएको सम्पूर्ण सरकारी खाताहरूमा दैनिक जम्मा भएका रकमभन्दा सरकारले भुक्तानी गरेको रकम बढी (जम्मा भएभन्दा खर्च बढी भएको अवस्था) भएमा सरकारले बैंकबाट अधिविकर्ष लिएको मानिनेछ । बैंकमा भएको सम्पूर्ण सरकारी खाताहरूमा दैनिक जम्मा भएको रकमभन्दा सरकारले भुक्तानी गरेको रकम न्यून (जम्मा भएभन्दा खर्च कम भएको अवस्था) भएमा सरकारले बैंकबाट लिएको अधिविकर्ष भुक्तानी गरेको मानिनेछ ।'

स्थानीय तहको सम्पूर्ण निक्षेपमध्ये ६० प्रतिशत बैंक तथा वित्तीय संस्थाले निक्षेपका रूपमा गर्दा ४० प्रतिशत रकम मात्र सरकारी खातामा रहने हुन्छ । यसले सरकारी खातामा मौज्दात रकम वास्तविकभन्दा कम हुने अवस्था देखिएको कार्यदलको निष्कर्ष छ । कार्यदलले प्रतिवेदनमा भनेको छ, 'सरकारको मौज्दात कम भएका कारण सरकारको खर्च क्षमता नै संकुचित हुने वा सरकारी खाताहरूमा मौज्दात हुँदाहुँदै सरकारले अधिविकर्ष (ऋण) लिनुपर्ने अवस्था आउन सक्ने देखिन्छ ।'

हिमाली जिल्लाका आधा स्थानीय तहमा शाखा खोल्ने बैंकलाई सुविधा दिन सिफारिस

अर्थ मन्त्रालयको कार्यदलले हिमाली क्षेत्रका १६ दुर्गम जिल्लाका स्थानीय तहमा बढीमा ५० प्रतिशतसम्म शाखा खोल्ने वाणिज्य बैंकहरूलाई यस्तो सुविधा निरन्तरता दिन सिफारिस गरेको छ । यस्तो सुविधा दुईदेखि तीन वर्षसम्म मात्र प्रदान गर्ने सिफारिसमा उल्लेख छ ।

दुर्गम स्थानका स्थानीय तहमा शाखा विस्तार गर्न प्रोत्साहन गर्न सुरु गरिएको यो सुविधा बढी निक्षेप संकलन गर्ने सुगम क्षेत्रका सीमित बैंकले मात्रै निःशुल्क बढी साधन प्राप्त गर्न सक्ने जोखिम देखिएकाले यस्तो सिफारिस गरेको कार्यदलले बताएको छ । अर्थतन्त्रमा पर्याप्त तरलता रहेको र सातामै तीनपटकसम्म तरलता प्रशोचन गर्नुपर्ने अवस्थामा यो व्यवस्थालाई निरन्तरता दिनुपर्ने कार्यदलको निष्कर्ष छ ।

जोर अनुरमा बचत तथा ऋण सहकारी संस्था लि.
(एकिकरण अनुरमा बचत तथा ऋण सहकारी संस्था लि. जोरपिपल बचत तथा ऋण सहकारी संस्था लि.)

गैरीधारा-२, काठमाडौं, फोन नं ४००४६९०, ४५४२०८७

कर्जा चुक्ता गर्ने बारे ३५ दिने सूचना

प्रकाशित मितिः २०८०/१२/२५

तपशिलमा उल्लेखित ऋणीहरुले यस संस्थाबाट लिनु भएको ऋण कर्जा बापत संस्थालाई समयमा तिर्नु बुझाउनु पर्ने साँवा, ब्याज आदि रकम तिर्न, बुझाउन पटक पटक मौखित,लिखित एवम तर ताकेता गर्दा समेत नतिरि नबुझाई संस्थासंग भएको, ऋण कर्जा सम्बन्धित शर्त बन्देजहरु उल्लंघन गरेको तथा मिति २०७६-०५-२६ गते र २०७८-१२-०४ गते पत्रिकामा कर्जा चुक्ता गर्ने ३५ (पैतिस) दिने सूचना प्रकाशित गर्दा समेत ऋण चुक्ता गर्ने तर्फ कुनै चासो नदेखाएकोले पूनः आजको मिति सम्म तिर्न बुझाउन बाँकी सम्पूर्ण साँवा, ब्याज र लाग्ने अन्य दस्तुर समेत यो सूचना प्रकाशित भएको मितिले ३५ दिन भित्र यस संस्थाको कार्यालयमा उपस्थित भइ चुक्ता गर्नहुन जानकारी गराउदछौं । अन्यथा तपाई लगाएत व्यक्तिगत धन जमानी दिने समेतको घरघराना तथा अन्य चलअचल सम्पतिबाट लेना रकम असुलउपर गरिने र कालो सुचिमा समावेस गरि सम्बन्धित निकाएमा मुद्दा दायर गरिने व्यहोरा यसै सूचना मार्फत जानकारी गराइन्छ ।

क्र.सं.	ऋणीको नाम, थर र ठेगाना	जमानी कर्ताको नाम, थर र ठेगाना
